डेङ्गुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ कात्तिक १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 29 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६३

## दीपावली सकियो, छठको तयारी तीव्र

प्रस, वीरगंज, ११ कात्तिक/

यसपटक दीपावली सकिएलगत्तै छठ यसैगरी दीपावलीसँगै छठघाट सिङ्गार्ने कार्य भइरहेको छ । यस अघि गरी छठ घाट पुगेर समापन भएको थियो ।




पर्व शुरू भएको छ । दीपावली अन्तर्गत भाइटीकाको दिन छठ गर्नेहरूले घरआँगन सफा गरे । यसैगरी शुक्रवारदेखि छठ पर्व विधिवत् शुरू भएको छ ।

शुक्रवार छठ गर्नेहरूले बिहान नुहाएर चोखो शुद्ध खानेकुराहरू खाए । जसलाई 'नहाय खाय' भनिन्छ । आजको दिन खानामा लौकाको तरकारी अनिवार्यसरह थियो । त्यसैले बजारमा लौका महँगो पनि भयो ।

योसँगै बजारमा छठका सामग्रीहरू किनमेल पनि भइरहेको छ। दीपावलीदेखि वीरगंजको बजारमा छठ लक्षित कपडा, माटोको भाँडाको किनमेल भयो भने आजदेखि फलफूल र छठलाई आवश्यक बाँसबाट बनाइएका सामग्रीहरू ढक्की, नाङ्लो, सुपली, छैटालगायत सामग्रीहरूको खरीददारी गर्नेहरूको भीड थियो ।

भाइटीकाको दोस्रो दिनबाट छठको तयारी गरिन्थ्यो भने तिथि जोडिएकोले दुवै पर्व गर्नेहरूलाई भ्याइ नभ्याइ भएको छ । छठघाट बनाउनेहरू व्यस्त छन् । सरसफाइ, सजावट र नदी, पोखरी सफा गर्न उनीहरू व्यस्त छन् । वीरगंजको छपकैया, घडीअर्वा, मुर्ली, नगवा, लक्ष्मणवा, रानीघाट र श्रीसिया नदीसँगको बस्तीहरूमा छठको तयारी तीव्र छ ।

योसँगै जिल्लाभरिका पालिकाहरूमा रहेका नदी, पोखरी, तलाउमा छठपूजाको तयारी भइरहेको छ ।

धर्मेन्द्र चौरसिया, पोखरिया/

पोखरिया नगरपालिका-१ वनकटवामा छठ पर्वको उपलक्ष्यमा शुक्रवार बिहान कलश यात्रा निकालिएको थियो। बाजागाजासहित निस्केको छठको कलश यात्रा पोखरिया बजार परिक्रमा गरी छठ घाट पुगेर समापन भएको थियो ।

यहाँ प्रत्येक वर्ष छठ पर्वको अवसरमा नहाय खायको दिन कलश यात्रा निकालिने गरेको वडाध्यक्ष प्रमोद गिरीले बताए । कलश यात्रामा नगरप्रमुख प्रद्युम्न चौहान, उपप्रमुख रूबि ठाकुर, प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार, लालबाबू गिरी, मनोज कुर्मी, भगवान कुर्मीलगायतको सहभागिता थियो ।

नरेश यादव, पर्सागढी/

छठपूजाको अवसरमा पर्सागढी नगरपालिकामा रहेका छठघाटहरूको सरसफाइ, सजावट कार्य भइरहेको छ। स्थानीयको सहयोगमा पोखरी, छठघाट स्थलको सरसफाइ कार्य भइरहेको छ भने टेन्ट लगाउने काम पनि अन्तिम चरणमा छ । आइतवार परेको सँझियाघाटलाई लक्षित गरेर छठघाट सजाउने कार्य यहाँको नवैवटा वडामा जारी छ ।

## पर्सा क्षेत्र नं. ३ मा जसको चर्चा छ

प्रस, पचगावाँ, ११ कात्तिक/

पर्सा क्षेत्र नं. ३ बाट प्रतिनिधिसभाका उम्मेदवार नेकाका सुरेन्द्रप्रसाद चौधरी, एमालेका राजकुमार गुप्ता र नेपाल सुशासन पार्टीका उम्मेदवार राजकुमार यादवको चर्चा छ ।

यो क्षेत्रबाट यी तीनजनाबीच भिडन्त हुने सम्भावना छ। यस अघि यो क्षेत्रबाट जसपाका उम्मेदवार हरिनारायण रौनियार जितेका थिए। विशेष अदालतमा उनीविरुद्ध मुद्दा दायर भएकोले हाल उनी निलम्बित रहेकाले चुनावमा उम्मेदवारी दिन पाएनन्। जसपा-एमाले गठबन्धनबाट गुप्ता चुनावी मैदानमा छन् । यस अघि उनी पराजित भएका थिए ।

पहिलो संविधानसभा निर्वाचनमा गुप्ता जितेका थिए। त्यस अघि निर्वाचित नेकाका सुरेन्द्रप्रसाद चौधरी दुईपटकको लगातार पराजयपछि जित्ने तयारीमा छन् । उनी यस अघि तीनपटक जितिसकेका छन् ।

कुनै बेला एमालेमा रहेका यादव यसपटक नेपाल सुशासन पार्टीबाट चुनाव लड्दै छन्। यस अघि उनी नेपाल जनता दलबाट चुनाव लडेका थिए ।

प्रदेशसभामा क्षेत्र नं. ३ (क)बाट स्वतन्त्र उम्मेदवार चन्द्रकिशोर चौधरी, एमालेका अब्दुल रहीम (मन्जुर) अन्सारी, माओवादी केन्द्रका छोटेलाल यादव, स्वतन्त्र उम्मेदवार नीरराज गिरी, नेपाल सुशासन पार्टीका शिवकुमार साह तेली, अर्का स्वतन्त्र उम्मेदवार प्रमोद जयसवालबीच प्रतिस्पर्धा हुने आकलन गरिएको छ । यस अघि यो क्षेत्रबाट


सुरेन्द्रप्रसाद चौधरी, राजकुमार गुप्ता, राजकुमार यादव


जनार्दनसिंह क्षत्री, प्रहलाद गिरी मधु गुप्ता


मन्जुर अन्सारी, गौरीशङ्कर साह, शिवकुमार साह

(बाँकी अन्तिम पातामा)

## छठ पर्वको अवसरमा ४४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ११ कात्तिक/

छठपूजा व्यवस्थापन समितिको समन्वयमा घडीअर्वा स्पोर्ट्स क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ४४ जनाले रक्तदान गरेका छन् ।




घडीअर्वा पोखरी छठघाट परिसरमा शुक्रवार सम्पन्न रक्तदान कार्यक्रममा फिरोज बादशाह, चन्द्रिकाप्रसाद पटेल, किशोरीसाह कानू, सुनील दास, राहुल कुमार कानू, लखनलाल गुप्ता, मनोहर साह, जितेन्द्र सिंह, अनिलकुमार गुप्ता, सन्तोषकुमार साह, मनिराज गुप्ता, मुकेश साह, लालबाबूकुमार साह, मनीषकुमार गुप्ता, विश्वेश्वरप्रसाद महतोलगायतले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक धीरेन्द्र झाले जानकारी दिए ।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्य तथा क्लबका अध्यक्ष लखनलाल गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा छठ पूजा व्यवस्थापन समितिका अध्यक्ष हीरासाह कानू, वडाध्यक्ष सुशीलसाह कानू, समितिका उपाध्यक्ष दिलीपसाह कानू, सहसचिव मुन्ना साह, कोषाध्यक्ष तिलक साहलगायतको उपस्थिति रहेको समितिका सदस्य प्रणय साहले बताए ।

## हरैया र सखुवनियाका गरीबहरू खरको भरमा

ओमप्रकाश चौधरी, सेढवा, ११ कात्तिक/

जङ्गलको सीमासँग जोडिएको जीराभवानी गाउँपालिकाका अति विपन्न परिवारले खर काटेर गुजारा चलाउँदै आएका छन् ।




वडा नं ५ हरैया तथा सखुवनियाका गरीबहरूले जङ्गलबाट खर काटी बिक्री गर्ने र त्यसैबाट उनीहरूको गुजारा हुँदै आएको छ । चाडपर्वको कारण खेतबारीमा खासै काम नहुने भएकोले जङ्गलको नर्सरीमा खर काटेर बिक्री गरेको आम्दानीबाट यहाँका पचास परिवारको चुलो बलिरहेको छ। विशेषतः मुसहर, चमार तथा थारू समुदायका गरीब परिवार यस मौसममा खर काटेर जीविका धान्न विवश छन् ।

जीराभवानी गापा-५ हरैयाका असियादेवीले दैनिक ६/७ बोझा खर काट्ने गरेको बताइन्। खरको बोझालाई जङ्गल बाहिर राखेर सुकाउने र प्रतिबोझा रु ६० मा बिक्री गर्ने गरेको उनले बताइन्। जिल्लाका दक्षिणी भेगको जनताले खरको बोझा खरीद गरी लैजाने गरेका छन् । हरैयाकै भोजराज रामले खरकै भरमा परिवारका दर्जनौं व्यक्तिको गुजारा भइरहेको बताए। यस बेला ज्यालादारी



काम पनि नभएकोले परिवारका सदस्यहरू खर काट्ने काममा लागेका तथा सोको बिक्रीबाट बिहान-बेलुकाको छाक टार्ने गरेको उनले बताए । खर काट्ने समयमा बिरुवालाई हानि नोक्सानी नगरेर सुरक्षित तरीकाले काम गरेको उनले बताए ।

सबडिभिजन वन कार्यालय वसन्तपुरका प्रमुख सुमन पाण्डेले खर काटेर गरीबहरूको गुजारा भइरहेको र बिरुवालाई फाइदा पुग्ने गरेको बताए । जथाभावी खर उम्रनाले बिरुवाहरूलाई हुर्कन समस्या भइरहेको बेला खर काटेर गरीबहरूको गुजारा भइरहेको र बिरुवालाई पनि फाइदा पुगेको प्रतिक्रिया दिए ।

उनले यसरी खरले डढेलोको समस्या पनि निम्त्याउने गरेको बताए । ढलेको खरबाट डढेलोको सम्भावना बढ्ने हुँदा पनि गरीबहरूले खर काटेर लैजाँदा जनता र जङ्गल दुवैथरीलाई फाइदा भएको र जङ्गल डढेलोको विनाशबाट पनि रोकिने बताए ।

ठोरी गापा अन्तर्गत ओरिया खोला तथा जीराभवानी गापा अन्तर्गत भलुवाही खोलामा सर्वसाधारणले खर काटिरहेका छन् । जिल्लाको दक्षिणी भेगका किसानहरू खर काट्न आइरहेका ठोरी गापाका वडाध्यक्ष अष्टबहादुर लोप्चनले बताए । यसरी गरीबको गुजारा खर काटेर भइरहेकोमा सो काममा कसैले अवरोध गरे वडा कार्यालयमा जानकारी गराउन वडाध्यक्ष लोप्चनले आग्रह गरेका छन् ।

## अमलेखगंजमा जङ्गली हात्तीले महिलाको ज्यान लियो

प्रस, निजगढ, ११ कात्तिक/

जङ्गली हात्तीको आक्रमणबाट जीतपुर-सिमरा उपमहानगरपालिका-२१ की ५१ वर्षीया रुकैया खातुनको मृत्यु भएको इलाका प्रहरी कार्यालय अमलेखगंजले जनाएको छ ।

राजमार्ग नजीकै जङ्गलमा गोठाला गएका महिलाहरूमध्ये खातुनलाई आक्रमण गरेपछि अन्य गोठाला भागेर ज्यान जोगाउन सफल भएका थिए । खातुन बिहीवार दिउँसो करीब २:४० बजे हात्तीको आक्रमणबाट गम्भीर घाइते भएकी सिमरामा उपचार गर्ने क्रममा करीब ५ बजे मृत्यु भएको पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बाराले जनाएको छ।

पर्सा राष्ट्रिय निकुञ्जको वन क्षेत्र नजीकै रहेको अमलेखगंज, चकरी, डमरपुर, रतनपुर, लाल, निजगढ, सिगौल, कोल्हवी, टाँगिया बस्तीमा जङ्गली हात्ती, बाघ, चितुवाजस्ता जङ्गली जनावर बस्ती र आसपास वन क्षेत्रमा निस्कने गरेसँगै स्थानीय आतङ्कित हुँदै आएका छन् । मान्छे मार्ने र बस्तीमा वितण्डा मच्चाउने सो हात्तीलाई नियन्त्रणमा लिई दाह्रा काट्न चितवन राष्ट्रिय निकुञ्जबाट विज्ञसहितको टोली पर्सा राष्ट्रिय निकुञ्ज आधाभार आई हात्तीको खोजीमा जुटेको पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका प्रमुख एवं संरक्षण अधिकृत अशोक रामले जानकारी दिएका छन् ।


खातुनको ज्यान लिने जङ्गली हात्ती केही दिनअघि निकुञ्ज परिसरमा वितण्डा मच्चाउँदै । तस्वीर: जीतलाल श्रेष्ठ

तीन वर्ष अघि पनि दशैंको बेला मर्निङवाक गरिरहेकी स्थानीय समाजसेवी गङ्गा बलको पनि जङ्गली हात्तीले ज्यान लिएको थियो । बारामा एक दशक यतादेखि जङ्गली हात्तीको आक्रमणबाट १३ जनाभन्दा बढीको ज्यान गइसकेको छ ।

## विचारसार र सूक्तिहरू

**सुखद जीवनका लागि मस्तिष्कमा सत्यता, मुहारमा प्रसन्नता र हृदयमा पवित्रताा जरुरी छ।**

**भनिएकै छ–जसको मन मस्त,**
**उसको संसार समस्त।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## अवसर नचुकौं

**स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ महीनापछि देश प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा होमिएको छ। स्थानीय निर्वाचन वैशाखको अन्तिममा सकियो र परिणाम जेठको आधाआधीमा आइसकेको थियो। ७५३ स्थानको पालिकाहरूमा नयाँ नेतृत्व आएका छन्। स्थानीय चुनावको परिणामले यस अघि नेतृत्व लिएकाहरूमध्ये धेरैलाई साइजमा ल्याइदिएको छ। अर्थात् नयाँ अनुहारको उदय भएको छ भने पुरानाहरुमध्ये धेरै पराजित भए। स्वतन्त्रहरूको स्थानीय चुनावमा निकै रोचक उपस्थिति देखियो। काठमाडौं महानगर र धरान उपमहानगर यसको उदाहरण भए। मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पनि स्वतन्त्रहरूको बोलवाला हुने हल्ला जोरशोरका साथ चलेको छ त्यसैले पनि स्वतन्त्र उमेदवारी दिनेहरूको सङ्ख्यामा वृद्धि भएको एकथरीको अडकल छ। अघिल्लो चुनाव दुई चरणमा भएको थियो तर अब हुन गइरहेको चुनाव भने एकै चरणमा हुन गइरहेको छ। प्रत्यक्ष र समानुपातिकमा मतदाताहरूले कुन पार्टीलाई मत दिने हुन् त्यो चुनावपछिको परिणामले बताउँछ।**

**अहिले देशमा सत्तारुढ पाँच दलीय गठबन्धन र एमाले–जसपा बीचको गठबन्धन मुख्यरूपमा चुनावी मैदानमा देखिएका छन। सत्तारुढ पाँच दलीय गठबन्धनमा नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा छन् भने एमाले–जसपा बीच अर्को गठबन्धन छ। यो गठबन्धनमा राप्रपा र राप्रपा नेपालको पनि संलग्नता छ। प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको क्रममा हिन्दूहरूको महान् चाड बडा दशै, दिपावली सकिएको छ र छठ पर्व शुरू भएको छ। ठूला पर्वहरूका कारण दल र उम्मेदवारहरूको प्रचारप्रसारमा केही सुस्तता छाएको छ। यसो पनि निर्वाचन आयोगले कात्तिक १८ गतेसम्म निर्वाचन प्रचारप्रसारमा घरदैलोबाहेक जनसभा, कोणसभा, सभा–सम्मेलन गरेर चुनाव प्रचारमा रोक लगाएको छ। घरदैलोमा पनि २५ जनाभन्दा बढीको सहभागिता निषेध छ। तर दल र उमेदवारहरूले आयोगको यो निर्देशनलाई त्यत्तिको मानेको पाइएको छैन। आयोगले यो निर्वाचनमा आचारसंहिता पालना नगरेको भनेर सत्तारुढ गठबन्धनको माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र नेकपा एसका अध्यक्ष माधवकुमार नेपालसँग स्पष्टीकरण सोध्ने जस्तो साहस देखाएको मात्रले पनि उमेदवारहरूमा आचारसंहिता पालनातर्फ ध्यानाकर्षण भएको छ। उनीहरू अहिले खुलेयाम आचारसंहिता उल्लङ्घन गर्ने साहस देखाउन सकेका छैनन्। त्यसैले जनसभा, कोणसभा, आमसभाको साटो अगुवा कार्यकर्ता भेला, पार्टी प्रवेश कार्यक्रमको रूपमा परिवर्तित शैली अपनाएर चुनाव प्रचारमा लागेका छन्। आयोगले स्थानीय चुनावमा हरहिसाब नबुझाएका समानुपातिकतर्फका धेरैजनाको उम्मेदवारी खारेज गरेको छ। यस अघि हरहिसाब नबुझाएकालाई दण्डित गरेर ६ महीनाभित्र जरिवाना बुझाउने समयसीमा तोकेको थियो।**

**अहिले चुनाव सँघारमा छ। छठ विधिवत् सोमवारदेखि समापन हुन्छ भने त्यसको पाँच दिनपछि चुनाव प्रचारशैलीले अझ तीव्रता लिनेछ। जनप्रतिनिधि चुन्ने यो राम्रो अवसर हो। नेपालको संविधानले यस्तो अवसर ५ वर्षमा एकपटक निर्धारण गरेको छ। तसर्थ निर्वाचनमा असल उम्मेदवार [redacted] सरकार निर्माणमा अग्रसर होऔं।**

# डलर महँगो हुँदा अर्थतन्त्रमा दबाब

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**नेपाली उत्पादन र निर्यात व्यापार दिन प्रतिदिन खस्कँदै गइरहेको छ। यस्तो अवस्थामा सबल अर्थतन्त्रका लागि सरकारले तेस्रो मुलुकतर्फको निर्यात बढाउने र तेस्रो मुलुकबाट वार्षिक एक करोडभन्दा बढी पर्यटक भित्र्याउने प्रभावकारी योजना बनाउन सक्नुपर्छ।**

कोरोना भाइरस सङ्क्रमणको विश्वव्यापी महामारीपछि विश्व बजारमा नै अमेरिकी डलर बलियो हुँदै गइरहेको छ। यसको मुख्य कारण विश्व बजारमा अमेरिकी डलरको माग बढ्नु हो। डलर बलियो हुँदा यसले विश्व अर्थतन्त्रमा सकारात्मक र नकारात्मक दुवैथरीको प्रभाव परिरहेको हुन्छ। नेपालको इतिहासमा नै डलरको तुलनामा नेपाली मुद्रा अहिलेसम्मकै सबैभन्दा कमजोर देखिएको छ। नेपाल राष्ट्र बैंकका अनुसार २०७८ असार मसान्तको तुलनामा २०७९ असार मसान्तसम्म अमेरिकी डलरसँग नेपाली रुपियाँ ७ प्रतिशतले अवमूल्यन भएको छ। हाम्रोजस्तो विकासोन्मुख मुलुक, जहाँ आयातबाटै जीवन धान्ने बाध्यता छ, डलर महँगो हुनु भनेको अप्ठ्यारो अवस्था हो। यदि नेपाल अमेरिकी डलर आर्जन गर्दै आएको देश भएको भए यसको सकारात्मक प्रभाव पर्ने थियो। विशेषगरी विदेशी मुलुकमा रोजगार गरेर रेमिट्यान्स पठाउने नेपाली परिवार र निर्यात गर्ने उद्योगी व्यवसायीलाई यसले थोरै भएपनि सकारात्मक सन्देश दिएको छ। तर मुलुकको समग्र आर्थिक अवस्थालाई विश्लेषण गरेर हेर्‍यो भने नेपाली रुपियाँ डलरको तुलनामा कमजोर हुँदै जानु आफैंमा चिन्ताको विषय बनेको छ।

नेपाली मुद्राको निरन्तर अवमूल्यन हुनु भनेको हाम्रो मुद्रास्फीति दर वा ब्याज दर वृद्धिको कारणले पक्कै होइन। यसको प्रमुख कारण नेपाली र भारतीय मुद्राबीच विनिमय दर स्थिर हुनु हो। अहिले भारतीय मुद्रा कमजोर भएका कारण नेपाली रुपियाँ पनि कमजोर भएको अवस्था छ। नेपाल राष्ट्र बैंकले अमेरिकी डलरसँग नेपाली मुद्राको सोझै अवमूल्यन गर्ने परम्परा छैन। भारतीय मुद्रासँग नेपालको विनिमयदर भएको हुँदा अमेरिकी डलर भारतीय रुपियाँसँग जुन हिसाबले तल–माथि हुन्छ, त्यही हिसाबमा नेपाली मुद्रालाई पनि महँगो वा कमजोर बनाउने प्रचलन छ। नेपाल राष्ट्र बैंकले विसं. २०१७ मा भारतीय मुद्रासँग नेपाली मुद्राको स्थिर विनिमय दर कायम गरेको थियो। सोही समयदेखि नेपाली मुद्राको मूल्य अमेरिकी डलरको तुलनामा भारतीय मुद्रा बलियो हुँदा बढ्ने र कमजोर हुँदा घट्ने हुँदै आएको छ। अहिले भारतीय बजारमा लगानी गरिरहेका लगानीकर्ता पनि अमेरिकी डलरमा आकर्षित भएकाले केही समय यता भारतबाट धेरै लगानी बाहिरिएको अवस्था छ। भारतबाट लगानी बाहिरिंदा त्यहाँ डलरको माग बढ्यो र भारतीय मुद्रा कमजोर भयो। यसरी डलरको मागमा भएको वृद्धिले भारतीय मुद्रालाई कमजोर बनाउनुका साथै त्यसको असर नेपाली मुद्राको मूल्यमा पनि प्रत्यक्ष परिरहेको छ।

चीन, रूस र भारतले अन्तर्राष्ट्रिय व्यापारको १५ प्रतिशत हिस्सा ओगट्ने र केही समय अगाडि तीन देशबीचको व्यापारमा डलर प्रयोग नहुने निर्णय भएबाट विश्व बजारमा डलर सस्तो हुने अपेक्षा गरिएको थियो। तर यसैबीच रूस–युक्रेन युद्धका कारण विश्वको अर्थतन्त्रमा निकै ठूलो चाप पर्न गएको छ। यो सङ्कटबाट जोगिन अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भले अघि सारेका नीतिका कारण विश्वभरि नै डलर महँगो हुन गएको देखिन्छ। विश्व अर्थतन्त्रमा सङ्कट देखिन थालेपछि यसबाट जोगिन अमेरिकाको केन्द्रीय बैंकले ब्याजदरमा वृद्धि गर्‍यो। फलस्वरूप सरकारी बन्ड (सरकारको कर्जा सङ्कलन गर्ने एक किसिमको ऋणपत्र, जसमा भविष्यमा ब्याजदर दिने प्रतिबद्धता जनाइएको हुन्छ) जस्ता औजारहरूबाट थप नाफा कमाउने देखेर लगानीकर्ता त्यतातिर आकर्षित हुन थालेका छन्। अमेरिकामा सन् २०२२ को जुलाईमा मात्र विदेशी लगानीकर्ताले १०.२ अर्ब अमेरिकी डलर सरकारी बन्ड खरीद गरेको तथ्याङ्क छ। यो बन्ड अमेरिकी डलरमा खरीद गर्नुपर्छ। यसो हुँदा धेरै मानिसले विश्वका अन्य देशको मुद्रा बेचेर वा अन्यत्रको लगानी झिकेर अमेरिकी डलर किन्न थालेका छन्। फलस्वरूप अमेरिकी डलर विश्वभर महँगो बन्दै गएको छ। यसैगरी मूल्यवृद्धिसँग जुध्न यो वर्ष अमेरिकी केन्द्रीय बैंकले पटकपटक ब्याजदर वृद्धि गरेको पाइन्छ। अमेरिकी डलर बलियो हुँदा युरोपलगायत विश्वका धेरै मुलुकको अर्थतन्त्र बिग्रिएर त्यहाँबाट आफ्नो लगानी डलरमा बेचेर अमेरिकी र अन्य देशका लगानीकर्ताहरू अमेरिका फर्कन खोज्दा पनि डलरको माग बढेको देखिन्छ। त्यति मात्र होइन, विश्वका धेरै मुलुकमा आर्थिक सङ्कट देखिन थालेपछि त्यहाँका मानिसहरूले डलर सञ्चय गर्न थालेबाट पनि विश्व बजारमा डलरको माग बढेको हो।

कोरोना भाइरस सङ्क्रमणको समयमा जनतालाई राहत दिने नाममा विकसित देशहरूले आफ्ना जनतालाई नगद राहत वितरण गर्नाले पनि विश्वमा महँगी बढ्न गएको हो। यसबाट सबैभन्दा बढी नेपालजस्ता विश्वका गरीब देशहरू प्रभावित हुन थालेका छन्। महँगीको मार खेपिरहेको हाम्रो अर्थतन्त्रमा अहिले रेमिट्यान्स र पर्यटन आगमनमा केही सुधार देखिए पनि तरलता अभाव कायमै छ। लामो समयदेखि बैंकको ब्याज लगातार बढिरहेको छ, जसले गर्दा लगानीमा ठूलो असर परेको देखिन्छ। यसले भविष्यमा आयात अझ बढेर जाने जोखिम देखिन्छ। शेयर बजारमा उतारचढाव कायमै छ भने पूँजीगत खर्च हुन नसकेर विकासका कामहरू ठप्प भएका छन्। यो चुनावी वर्ष भएको हुनाले यसमा तत्काल सुधार हुने अवस्था पनि देखिंदैन। सरकार र त्यसको नेतृत्वले पूँजीगत खर्च गर्नेभन्दा पनि चुनाव कसरी जित्ने भन्ने ध्यानमा देखिन्छ। त्यसैगरी अहिलेसम्म शोधनान्तर घाटा २ खर्ब २६ अर्ब र चालू खाता १ खर्ब १६ अर्बले घाटामा छ। आयात २८ प्रतिशतले बढेर १ खर्ब ३१ अर्ब पुगेको छ भने निर्यात १४ अर्ब ८१ करोडमा सीमित भएको छ। यसले गत वर्षको लगभग १७ खर्बको व्यापार घाटालाई उछिन्ने सङ्केत देखाएको छ। यसले विदेशी मुद्राको सञ्चितिमा कमी आउँछ तथा शोधनान्तर घाटा पनि बढेर जाने देखिन्छ भने नेपालले लिएको विदेशी ऋणको सावाँ र ब्याज भुक्तानीमा महँगो पर्ने हुन्छ। विदेशी परामर्शदातालाई दिने रकम पनि बढेर जान्छ। कहिलेकाहीं रेमिट्यान्स बढे पनि रेमिट्यान्स प्राप्त गर्ने परिवारले उक्त मुद्राले विदेशी वस्तु खरीद गरेमा वास्तविक रेमिट्यान्स घटेर जान्छ। यस कारणले पनि विदेशी मुद्राको सञ्चितिमा कमी आउँछ।

यसरी अमेरिकी डलर महँगो भएपछि आयातित सामान मात्र होइन, यहाँका अधिकांश आयोजनाको लागत पनि बढ्ने निश्चित छ। उद्योगी व्यापारीहरूको लागत पनि उस्तै हिसाबले बढ्ने अनुमान गरिएको छ। विदेशी मुलुकबाट कच्चा पदार्थ आयात गर्ने उद्योगी व्यवसायीका कच्चा पदार्थ नै महँगिने हुँदा स्वदेशमा हुने उत्पादनको लागत पनि बढ्ने निश्चित छ। अर्कोतर्फ विदेशमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीले धेरै खर्च गर्नुपर्ने हुन्छ भने विदेश भ्रमण गर्न र उपचार गर्न जानेहरूको पनि खर्च यसबाट बढ्छ। सरकारले विदेशी दातृ निकाय र अन्य विभिन्न मुलुकहरूसँग लिएको ऋणको सावाँ र ब्याज भुक्तानीमा समेत यसले असर पार्छ। यसैगरी मुलुकमा बेराजगारी र खाद्य समस्या, महँगी, भ्रष्टाचार, कुशासनजस्ता समस्या कायमै रहेको अवस्था छ। त्यसैले निर्यात गर्न नसक्ने हाम्रोजस्तो मुलुकका लागि डलर महँगो बन्नु निश्चय नै ठूलो चिन्ताको विषय हो। यसका साथै नेपाल आयल निगमले भारतीय आयल कर्पोरेशनसँग डलरमैं इन्धन खरीद गर्ने हुनाले डलर महँगो हुँदा पेट्रोलियम पदार्थको मूल्य झनै बढ्ने हुन सक्छ। अहिले तेलको कारोबार अमेरिकी डलरमा गरिने हुनाले विश्वमा तेल महँगो हुन गएको हो। सामान्यतया डलर महँगो हुँदा नेपालमा आउने रेमिट्यान्स बढ्छ। वैदेशिक लगानी सकारात्मक दिशातर्फ अगाडि जान्छ। अमेरिकी डलरको तुलनामा हाम्रो मुद्रा सस्तो हुने हुनाले पर्यटक आगमनमा केही सुधार हुन सक्छ भने उत्पादन बढाएर ३०/४० प्रतिशतभन्दा बढी निर्यात गर्न सकेमा यसबाट पनि देशले फाइदा लिन सक्छ। त्यसैले डलर महँगो भएको समयमा नेपालले यसबाट लाभ लिने हो भने निर्यात र पर्यटक बढाउनेतर्फ लाग्नु जरूरी छ। तर, हाम्रो देशको निर्यात एकदम कमजोर भएको कारणले अहिले यसबाट लाभ लिने अवस्था नभए पनि पर्यटक आगमन बढाउने कार्यक्रम ल्याई यसलाई राम्ररी व्यवस्थापन गर्ने हो भने यो व्यवसायबाट लाभ लिन सकिन्छ। नेपालका उद्योगी व्यवसायीमा अहिले तेस्रो मुलुकमा वस्तु निर्यात गर्नेभन्दा पनि तेस्रो मुलुकबाट आयात गरी भन्सार छुट दिएका मुलुकमा निर्यात गरी अल्पकालीन लाभ लिने प्रवृत्ति बढेर गएको देखिन्छ। यस किसिमका विकृतिहरूको नियन्त्रण गरी अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वसनीयता अभिवृद्धि गर्नु अति आवश्यक छ। लगानी, उत्पादन र जोखिमविनाको लाभ लिनेभन्दा पनि दीर्घकालीन उत्पादन र गुणस्तर अभिवृद्धि गर्नेतर्फ सरोकारवाला सबै पक्ष जिम्मेवार हुनुपर्दछ। पछिल्लो समयमा विशेषगरी इन्धन, फलाम तथा स्टिल, मेशीनरी उपकरण र पार्टपूर्जा, सवारी साधन र विद्युतीय सामग्रीलगायत विलासिताका सामग्रीहरूको आयातमा उल्लेख्य वृद्धि भएको छ। यस किसिमका विलासिताका सामग्रीको उपयोग तथा आयातमा थप सजगता जरूरी देखिएको छ।

अहिले विश्वको अर्थतन्त्र आन्तरिक उत्पादन र निर्यात व्यापारमा केन्द्रित हुँदै आएको छ। उत्पादन र उत्पादकत्व वृद्धि तथा गुणस्तर र निर्यात व्यापार विस्तार नै कुनै पनि मुलुकको सफलता र समृद्धिको सूचक बन्दै गइरहेको छ। तर नेपाली उत्पादन र निर्यात व्यापार दिन प्रतिदिन खस्कँदै गइरहेको छ। यस्तो अवस्थामा सबल अर्थतन्त्रका लागि सरकारले तेस्रो मुलुकतर्फको निर्यात बढाउने र तेस्रो मुलुकबाट वार्षिक एक करोडभन्दा बढी पर्यटक भित्र्याउने प्रभावकारी योजना बनाउन सक्नुपर्छ।

# अमेरिकामा तिहार

मन्तव्य



कुमारबन्धु रुपाखेती

दीपावलीको अवसरमा लक्ष्मीपूजाका दिन न्यूयोर्कमा सरकारी सार्वजनिक बिदा तथा भर्जिनिया, न्युजर्सी, मेरील्यान्ड, पेन्सिलभेनिया राज्यहरूमा हिन्दू धर्मावलम्बीहरूले बिदा पाउने व्यवस्था छ। हिन्दू धर्मावलम्बी, खासगरी नेपाली र भारतीयहरूले घरघरमा झिलिमिली बत्तीले सिङ्गार्ने गर्दा रहेछन्। भारतीय मार्केटमा माटोको दीयो, आँप, पीपलको पात खरीद गर्न पाइन्छ। यहाँका इलेक्ट्रोनिक बत्ती तथा तिहारमा पड्काउने पटाकासमेत खुबै बिक्री हुने र यी सामानहरू मेड इन चाइना हुने गरेको छ। हिन्दूबहुल क्षेत्रको झिलिमिलीले हाम्रो आफ्नै ठाउँको स्मरण गराउँदो रहेछ। नेपालीहरू देउसी, भैलो र तिहारको गीत बजाएर रमाइलो गर्दा रहेछन्। नेपाली सङ्घसंस्थाहरूले दशैं–तिहार फूटबल प्रतियोगितासमेत गरे जसमा आठवटा नेपालीहरूको टीम सहभागी थियो।



परिवारसँग लेखक



धनतेरसका दिन नयाँ सामान किन्ने प्रचलनलाई नेपाली र भारतीयहरूले निरन्तरता दिएका रहेछन्। पार्कहरूमा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ २०७९ कात्तिक १२ गते शनिवार 2022 October 29 Saturday



## छठको सांस्कृतिक महत्व


स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com


**"कार्तिकस्य सिते पक्षे षष्ठी वै सप्तमीयुता। तत्र व्रतं प्रकुर्वीत सर्वकामार्थसिद्धये॥"**

भविष्य पुराणमा उल्लेख गरिएको श्लोक हो यो। यसको अर्थ हुन्छ – कात्तिक महीनाको शुक्ल पक्षको षष्ठी र सप्तमी तिथिमा सर्व काम सिद्ध हुने व्रत हुन्छ।

यत्तिकै भरमा कतिपयले छठ पर्वको पौराणिक आधार रहेको उल्लेख गर्ने गरेका छन्। यसमा यस दिन गरिने पर्वले सबै काम सिद्ध हुने बताइएको छ तर यो पर्वको नाम छठ किन रह्यो त्यसबारे बताइएको छैन।

कुनै पनि शास्त्रमा स्पष्टरूपमा लोकमानसमा विद्यमान नामजस्तै छठ पर्व भनिएको पाइँदैन। धेरैले पण्डित्याइँ गरेर षष्ठीको दिन हुने भएकोले अपभ्रंश भएर षष्ठीबाट छठी भएको बताउँछन् तर अन्यत्र कुनै अन्य व्यवहारमा षष्ठ वा षष्टबाट छठ भनिएको पुष्टि हुँदैन।

अर्को मुख्य कुरो के हो भने जसरी लोकमानसलेयसलाई छठीमाईको पूजा वा पबनी भन्ने गरेका छन्, त्यसरी नै शिक्षित समुदायले यसलाई स्वीकार गर्ने गरेको पाइएको छैन। छठ पबनी भनेको सूर्य पूजा हो भन्ने अर्थ लगाउन थालिएको पाइन्छ। कालान्तरमा छठ पबनीको मौलिकतामा नै प्रहार हुने खतरा यसबाट रहेको देखिन्छ। वास्तवमा छठीमाईको पूजा मूल हो र सूर्यलाई पनि अर्घ दिइन्छ। अर्घ मूल पूजा भने होइन।

यसको नितान्त मौलिक पक्ष यो हो कि पहिले अस्ताउँदो सूर्यलाई अर्घ दिइन्छ र त्यसपछि उदाउँदो सूर्यलाई। उदाउँदो सूर्यलाई अर्घ दिएपछि यो पर्वको समापन हुन्छ।

छठ पर्वको शुरूआत गोधन कुटाइबाट हुन्छ। कतिपयले नहाए–खाएबाट हुन्छ भन्छन्। तर यदि छठ पर्वको गुह्य विचार गर्ने हो भने गोवर्द्धन पूजा नगरी कसैले पनि छठ पर्व गरेको पाइँदैन। गोवर्द्धन पूजा सामूहिकरूपमा गरिन्छ। गाउँ वा टोलभरिका विवाहित आइमाई जो छठ व्रत गर्दछन्, तिनीहरू मात्र सामूहिक गोवर्द्धन पूजा अर्थात् गोधन कुटाइ गर्दछन्। छठ पर्वको शुरूआत भएको रौतहटमा अहिलेसम्म यही चलन छ। रौतहटबाट विश्व विस्तार हुने क्रममा छठले विस्तार पाएको तथा पाउँदै गएको अन्य क्षेत्रमा यसको स्वरूप र मान्यतामा बिस्तारै पार्थक्य स्वीकार हुँदै गएको यथार्थ हो तर छठ पर्वको प्राकट्य भएको रौतहटमा भने छठ व्रत लिनेहरूले गोधन कुटाइ अनिवार्य गर्दछन्। व्रत नलिनेले गोधन कुटाइमा आलङ्कारिक सहभागिता जनाउने गर्दछन्। यसैले गोधन कुटाइलाई छठ पर्वको शुरूआत भएको सङ्कल्पको रूपमा लिएको पाइन्छ। गोधन कुटेपछि नै व्रतालुहरू छठ पर्वमा प्रयोग गरिने चुलो निर्माण गर्छन्। गोधन कुटाइको सन्दर्भमा तिथि र वार दुवैको विचार गरिन्छ। सम्भव भएसम्म आइतवार, मङ्गलवार, बिहीवार र शनिवार गोधन कुटाइ गर्नुहुँदैन।

गोधन कुटाइको दिन बिहान चुलो बनाइन्छ। सोही चुलोमा खरनाको दिन छठको प्रसाद तयार पारिन्छ। गोधन कुटाइ हुनुको अर्थ यो पनि हो कि छठ पबनीमा प्रयोग हुने ठेकुआ तथा कसारका साथै खरनाको दिन पकाइने खिरका लागि धानको तयारी थाल्नु हो। गोधन कुटाइकै दिन गहुँ धोएर घाममा सुकाइन्छ र धान घाममा सुकाइन्छ।

वास्तवमा यो पाँच दिनको पर्व हो। पहिलो दिन गोधन कुटाइ हुन्छ। यस दिन बिहानै झिसमिसेमैं गोधन कुटाइको रीति पूरा गरिन्छ। उज्यालो खस्नुभन्दा पहिलै व्रतालु महिलाहरूले नुहाइधुवाइ गरेर सम्भव भएसम्म शृङ्गार गरेर गोधन कुटाइ गर्छन् र छठ पर्व आरम्भ गर्दछन्।

दोस्रो दिन अरबाअरबाइन हो। अरबाअरबाइनलाई नहाखाएके पनि भनिन्छ। यस दिन कुनै नयाँ काम हुँदैन तर धान र गहुँको तयारीका साथै चुलो तयार गर्ने काम भने हुन्छ।

तेस्रो दिनलाई खरना भनिन्छ। तिथिको हिसाबले पञ्चमीको दिन खरना मनाइन्छ। यस दिनदेखि निराहार व्रत शुरू हुन्छ। व्रतालुहरू दिनभर निराहार व्रत बसी साँझ छठीमाईको लागि खरना पूजा गर्छन्। नयाँ चुलोमा सम्भव भएसम्म आँपको दाउरा, नभए अन्य दाउराले पनि खिर र चामलको रोटी पकाइन्छ। मूल तथा अन्य फलफूलका साथ आफ्नो श्रद्धा र भक्तिले जुरेसम्म देवताघर वा आँगनमा छठीमाताको नाममा केराको पातमा चढाइन्छ। यसलाई नेओज भनिन्छ। नेओज चढाएर पूजा गरेपछि समापन गरेर व्रतालुहरू यही प्रसाद खान्छन् जसलाई खरना भनिन्छ। खरना गरेपछि प्रसाद टोल छिमेक वा हितमित्रलाई दिने चलन पनि छ।

चौथो दिनलाई निखण्ड भनिन्छ। यस दिनको व्रतलाई कुनै पनि मूल्यमा खण्डित गर्नुहुँदैन अर्थात् व्रत भङ्ग गर्नुहुँदैन। यस दिन निराहार बस्नुपर्छ। यस दिन त्यही चुलोमा ठेकुआ, कसारलगायत सामग्री पकाइन्छ। बाँसको सुपामा सामान सजाइन्छ र दिउँसो नजीकैको पोखरी वा नदी किनारमा स्थापित गरिएको छठघाट लगिन्छ।


छठघाटमा श्रीसप्ता बनाइएको हुन्छ। यो भनेको माटो वा सिमेन्टको त्यो ठाउँ हो, जहाँ पूजा गरिन्छ। व्रतालुहरूले छठका सामग्री चढाउँछन्। चारैतिरबाट समूहमा बस्छन्। अनेक मङ्गलगीत हुन्छ। अनि अस्ताउँदो सूर्यलाई अर्घ दिएर फेरि पहिलेकै ठाउँमा आएर बस्छन्। यदि घाटमैं बस्ने व्यवस्था मिलाइएको छ भने व्रतालु त्यहीं बस्छन्। आजभोलि घाटमैं बस्ने व्यवस्था मिलाउन थालिएको छ, रातभर जाग्राम बस्नुपर्ने मान्यताले गर्दा। यदि घाटमा बस्न सकिने अवस्था छैन भने पूजाका सम्पूर्ण सामानसहित व्रतालुहरू घर आउँछन्।

राति कोसिया हुन्छ। भाकल हुनेले कोसिया बनाउँछन्। कसैको हात्तीवाला कोसिया हुन्छ भने कसैको विनाहात्तीवाला। कोसिया पूजामा व्रतालुहरूको अनिवार्य सहभागिता हुन्छ। जसरी अघिल्लो राति नेओज काढेर छठीमाईको पूजा गरिएको हुन्छ, त्यसैगरी कोसियापूजा पनि छठीमाईकै लागि गरिएको हुन्छ। कतिपयले सूर्यलाई अर्घ दिनुलाई मात्र छठ पर्व मान्ने वा भन्ने गरेका छन्, त्यो हुँदै होइन। कोसियापूजामा पनि अनेक गीत गाइन्छ, कथा भनिन्छ। छठीमाईसित

(बाँकी पाँचौं पातामा)

## प्रकृतिमय सनातन संस्कृति : छठपर्व


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


"ले ले अइह हो भैया,
गहुँ के मोटरिया..."

उपरोक्त पारम्परिक छठ गीतमार्फत बहिनीले दाजुसँग गहुँको 'मोटरी' (धोती वा चादर जस्ता कपडामा अन्नपात गाँठो पारेर राखेको) लिंदै आउनुहोला भन्दैछिन्।

पहिलो दिन अर्थात् नहाय–खायको दिनदेखि व्रतालुसँगै घरका सदस्यहरूलाई भ्याइनभ्याइ हुन्छ। यस दिन व्रतालुहरू बिहान र बेलुका गरी दुई छाक शुद्ध भोजन ग्रहण गर्छन्। प्राय:जसो अरवा चामलको भात, रहरको दाल, लौकाको तरकारी पकाइन्छ। त्यसैगरी दोस्रो दिन बेलुका 'रसियाव–रोटी' खान्छन्। तेस्रो दिन षष्ठी तिथि अर्थात् साँझियाघाटको दिन बिहान फलफूल धुने, सुकाउने कार्यपछि ठेकुवा पकाइन्छ। व्रतालुसँगै घरका अन्य महिलाहरूले पारम्परिक छठ गीत गाउँदै ठेकुवा पकाउँछन्।



१. वीरगंजको घरिअर्वा पोखरी स्थित छठघाटमा सिरसोता निर्माण गर्दै युवाहरू, २. छठ पर्वको लागि पूजन सामग्री सफा गरेर सुकाउँदै बालिकाहरू, ३. छठ पूजनको लागि ठेकुवा पकाउँदै व्रतालु, ४. कोशी भर्दै व्रताल, ५. पोखरिया नगरपालिका–४ स्थित छठघाट, ६. उदाउँदो सूर्यलाई अर्घ दिंदै व्रतालु, ७. पोखरिया नगरपालिका–४ स्थित सजावट गरिएको छठघाट। तस्वीर: लेखक

"केरवा जे फरेला घवद से,
ओह पर सुगा मेंडाराय।
सुगवा के मारब धेनुष से,
सुगा गिरिहें मुरछाय...।"

छठबारे उपरोक्त प्रसङ्ग सबैजना एकाग्र भएर सुनिरहेका थिए। काठमाडौंको एक गैरसरकारी कार्यालयमा कार्यरत पर्सा जिल्लावासीले कर्मचारी साथीहरूको जिज्ञासाको समाधान गरिरहेका थिए।

०००

छठ पर्व नजीकिंदै जाँदा पर्सावासी ती कर्मचारी घर आउन आतुर थिए। हप्तौं अघि बिदाको आवेदन दिइसकेका थिए। प्रत्येक दिन छुट्टी पास भयो भएन हाकिम साहेबसँग सोध्न जान्थे।

छठ पर्व पाँच दिन मात्र बाँकी थियो। त्यो दिन उनी हाकिमको कार्यकक्षमा प्रवेश गरे र मधुर मुस्कानसँगै हाकिमको अनुहार नियाल्न थाले। भद्र स्वरमा हाकिमसँग जिज्ञासा पोखे–"सर, मेरो छुट्टीको के भयो ? पास भयो ?" हाकिमले आवेदनकर्ताको अनुहार हेर्दै मनमनै सोचे–"छुट्टी त पास भइसकेको छ, तर एकपटक छुट्टी पास भएको छैन भन्छु, हेरौं के प्रतिउत्तर आउँदो रहेछ ?"

छुट्टी पास नभएको कुरा सुनेर उनको मन दुख्यो। शान्त मुद्रामा मनमनै छठीमाताको स्मरण गर्दै –"हे छठी माता अब म घर जान नसक्ने भएँ। पूजामा सहभागी नहुने भएँ...। यत्तिकैमा हाकिम साहेबले भने– "बाबु तिमी कहाँ हरायौ ? दु:खी नहोऊ। छुट्टी पास भइसकेको छ। तर मलाई छठ पर्वको महात्म्य सविस्तार सुनाऊ। म छठ पर्वबारे जान्न आतुर छु।"

कर्मचारीको मन फुरुङ्ग भयो। माहोल उत्साहमय भयो। छठ पर्वको पूर्ण वृत्तान्त सुनाउन समय लाग्ने हुनाले सार सङ्क्षेप सुनाउने प्रयत्न गनए शुरू गरे।

छठपर्वको अवसरमा बसबाट होस् वा व्यक्तिगत सवारीबाट, छठको गीत सबैतिर बजिरहेको हुन्छ। एफएम रेडियो, टेम्पु, बस, ट्रक, निजी सवारी साधनका साथै हाट–बजारमा छठका गीत बजिरहेका हुन्छन्। यसले छठ पर्वको लोकप्रियता अनुमान गर्न सकिन्छ। छठ पर्व नजीकिंदै जाँदा मानिसको उत्साह झन्झन् बढ्दै जान्छ। पोखरिया, वीरगंज, कलैया, गौर र जनकपुरलगायत मधेस प्रदेशका प्रत्येक जिल्लामा छठ पर्वको उत्साह चरममा हुन्छ।

सुपुली, दौरा, नरिवल, सुन्तला, कागती, गागल, उखु, सुथनी, सुकेको बोडी, अदुवा, मूला, केरा, आर्ताको पात, बतासा, केराउ, तेल, बत्ती, दियो र सलाई आदिका साथै ठेकुवा पकाउनको लागि, आटा, मैदा, चिनी, गुड, सुकुमेल, दूध आदि किनमेल गर्ने मानिसको घुइँचो बजारमा देख्न सकिन्छ। गहुँ धुँदा–सुकाउँदा होस् वा प्रसाद बनाउँदा, व्रतालु तथा परिवारजनको जिब्रोमा छठको गीत गुञ्जित भइरहन्छ। घर–घरमा छठको गीत बजिरहेको हुन्छ। जसको घरमा छठ हुँदैन, उनीहरूको घरमा पनि छठ गीतबाहेक केही बज्दैन।

छठ पर्व कात्तिक महीनाको शुक्लपक्ष चतुर्थी तिथिदेखि सप्तमीसम्म चार दिन मनाइन्छ। चतुर्थीको दिन 'नहाय–खाय', पञ्चमी तिथिको दिन 'रसियाव रोटी', षष्ठी तिथिको दिन साँझिया घाटमा अस्ताउँदो सूर्यलाई अर्घ दिइन्छ भने सप्तमी तिथिको दिन बिहनिया घाटमा उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्वको समापन हुन्छ।

०००

अहिले हाकिम साहेबको कार्य कक्ष कर्मचारीहरूले भरिभराउ भइसकेको थियो। हाकिम साहेबको कार्य कक्षमा बस्ने ठाउँ थिएन। केही कर्मचारी भुइँमैं बसेर छठमहात्म्य सुनिरहेका थिए। हाकिम साहेब तथा कर्मचारीहरूको तर्फबाट छठघाटमा के–के हुन्छ भन्ने जिज्ञासा प्रकट भयो।

पुन: छठपर्वको चर्चा शुरू भएसँगै सबैजना छठकोआस्थामा तन्मय भए। कर्मचारीले आफूले देखेसुनेको वृत्तान्त भ्याएसम्म सविस्तार सुनाउन थाले।

युवकहरूले दुई दिन अघिदेखि नै छठघाटलाई गोबर र माटोले लिपपोत गरी रङ्गीन कागज, झालर, बत्ती, अबीर तथा चुनाले सजावट गरी सुन्दर बनाइदिएका छन्। यतिबेला गाउँ सुनसान छ भने छठघाटमा मानवीय चहलपहल उच्च छ।

दिउँसोको तीन बजिरहेको छ। गाउँदेखि छठघाटसम्म, व्रतालुहरूसँगै बालबालिका, वयस्क तथा वृद्धजनको ताँती लागेको छ। पोखरीको डिल आज रङ्गीचङ्गी छ। सजाइएको छठघाटमा छठगीत गाउँदै व्रतालुहरूको आउने क्रम जारी छ।

"काँच ही बाँस के बहँगिया,
बहँगी लचकत जाए... ।"

व्रतालुहरूले गीत गाउँदै छठघाटतर्फ

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


### फूटबल खेलको लोकप्रियता

संसारभरिमा खेलिनेभन्दा ज्यादै पृथक किसिमले अमेरिकमा फूटबल खेल्ने गरिन्छ। फूटबल खेल्दा हातको प्रयोग बढी मात्रामा हुन्छ। फूटबल कसरी खेलिन्छ त्यसबारे अर्को कुनै लेखमा बयान गर्नेछु। यस लेखमा भने अमेरिकामा फूटबल खेल कति लोकप्रिय छ भन्ने मात्र उल्लेख गर्नेछु।

फूटबल अमेरिकाभरि खेलिन्छ। यो लेखमा नोरमेनमा हुने फूटबल खेलबारे चर्चा गर्नेछु। मेरो बसोवास रहेको ओक्लोहोमा राज्यको नोरमेन शहरमा प्रत्येक वर्ष विभिन्न टिमबीच फूटबल खेल हुन्छ। फूटबल खेल प्राय: सेप्टेम्बर महीनाको पहिलो हप्ता प्रारम्भ भएर नोभेम्बर महीनाको अन्तिम हप्ता समाप्त हुन्छ। र फूटबल खेल केवल शनिवार मात्र हुन्छ। यस अभिप्रायको साथ हुन्छ कि त्यस दिन बिदा परेको हुनाले धेरै भन्दा धेरै दर्शकले हेर्न पाउने स्थिति होस्।

नोरमेनस्थित ओक्लोहोमा राज्यको प्रसिद्ध विश्वविद्यालयमा रहेको खेल मैदानमा फूटबल खेल हुन्छ र खेलिने मैचहरूको टिकट हप्तौं पहिले अनलाइन बिक्री गरिएको हुन्छ र खेलको दिन पनि बिक्री हुन्छ।

फूटबल मैच खेलिने दिन नोरमेन शहरमा नेपालमा दशैं आएझैं हुन्छ। फूटबल मैच हेर्न नोरमेन शहरका मात्र होइन, ओक्लोहोमा राज्यका अन्य शहरबाट पनि धेरै दर्शक आउँछन्। छिमेकी राज्य टेक्सास, क्यान्सस, आर्कान्सास र अन्य शहरबाट पनि दर्शक आएका हुन्छन्। दर्शक युवा मात्र हुँदैनन्, प्रौढ र वृद्धहरू पनि हुन्छन्। महिलाहरूको उपस्थिति पनि ठूलो सङ्ख्यामा हुन्छ।

दर्शकहरूले खेल दुई किसिमले हेर्छन्। एकथरी रङ्गशाले पुग्छन् र खेल मैदानमा भएको खेल प्रत्यक्ष हेर्छन्। अर्काथरी रङ्गशालाभन्दा केही पर सडक पेटी वा खाली स्थानमा बनाइएको र त्यसमा जडान गरिएको टेलिभिजनमा खेल हेर्छन्। फूटबल खेल हेर्दै र खाँदै पनि गर्छन् दर्शक। फूटबल खेलको दिन शहरका अधिकारीहरूले ओक्लहोमा विश्वविद्यालय बाहिर सार्वजनिक स्थानमा बसेर बियर पिउने अनुमति दिएका हुन्छन् जबकि अरू दिन सार्वजनिक स्थानमा बियर खान पाइँदैन।

फूटबल मैचको दिन एक निर्धारित स्थान, विश्वविद्यालय अगाडिको भागमा, सडक वा सडकछेउ बिक्री गर्नका लागि व्यवस्थित किसिमले स्टलहरू राखिएका हुन्छन्। विभिन्नि व्यापारिक कम्पनीबाट आफ्नो कम्पनीको प्रचारका लागि विभिन्न सामग्री, निश्शुल्क वितरण गर्ने किसिमबाट राखिएका हुन्छन्। रेडियो स्टेशनले प्रत्यक्ष प्रसारण गरिरहेको हुन्छ। मोबाइल रेस्टुरा तथा बार पनि सडक छेउ नै राखिएको हुन्छ।

फूटबल मैच हेर्न नोरमेनमा ठूलो सङ्ख्यामा मानिसको उपस्थिति भएको स्थिति हेर्दा लाग्छ नोरमेनमा कुनै मेला नै लागेको हो कि। फूटबललाई अति नै महत्त्व दिएर दर्शकहरू, अन्य आवश्यक काम छाडेर आएका हुन्छन्। फूटबललाई कुनै राष्ट्रिय चाड मानेर हेर्न र त्यसबाट आनन्द लिने गर्छन्।

# द्रोण पर्व–९९




महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

घटोत्कचले भने–म एक्लै कर्ण, द्रोण तथा अन्य क्षत्रीय वीरहरूका लागि प्रशस्त छु। आज राति म सुतपुत्रसित यस्तो युद्ध गर्नेछु जसको चर्चा मानिसहरूले पृथ्वी रहन्जेल गर्नेछन्। आज म राक्षस धर्मको आश्रय लिएर सम्पूर्ण कौरवसेनाको सर्वनाश गरिदिनेछु, कसैलाई पनि छाड्ने छैन।

यति भनेर महाबाहु घटोत्कच कौरव सेनालाई भयभीत पार्दै कर्णतिर बढे। कर्णले पनि हाँस्दा–हाँस्दै घटोत्कचको सामना गरे। अनि त गर्जना गरिरहेका ती दुवै वीरहरूबीच घोर सङ्ग्राम हुन थाल्यो।

सञ्जयले भने–महाराज, घटोत्कच कर्णको वध गर्ने इच्छाले उनको रथतिर बढिरहेको हेरेर दुर्योधनले भाइ दुःशासनसित भने–भाइ, सङ्ग्राममा कर्णको पराक्रमलाई हेरेर घटोत्कच नामक यो राक्षस उनीमाथि बडो वेगले धावा गरिरहेको छ। तिमी पल्टनको ठूलो युथ लिई त्यहाँ गएर उसलाई रोक र कर्णको रक्षा गर। दुर्योधनले यति मात्र के भनेका थिए कि जटासुरका पुत्र अलम्बुष उनको छेउमा आएर भन्यो–दुर्योधन, यदि तपाईं मलाई आज्ञा दिनुहुन्छ भने तपाइको यस प्रसिद्ध शत्रुलाई उसको अनुयायीहरूसहित मार्न चाहन्छु। मेरो पिताको नाम जटासुर हो, उनी समस्त राक्षसहरूका नायक थिए। केही दिन पहिले मात्र यी नीच पाण्डवहरूले उनलाई मारिदिएका थिए। म त्यसैको बदला लिन चाहन्छु। तपाईं मलाई यो काम गर्नका लागि आज्ञा दिनुहोस्।

यो सुनेर दुर्योधनलाई बडो प्रसन्नता भयो। उनले भने–अलम्बुष, शत्रुहरूलाई जित्नको लागि त द्रोण र कर्ण आदिका साथै म नै पर्याप्त छु। तिमी त मेरो आज्ञाबाट क्रूरकर्मा घटोत्कचको नै नाश गर। 'तथास्तु' भनेर अलम्बुषले घटोत्कचलाई युद्धको लागि हाँक दिएर उसमाथि नाना प्रकारको शस्त्रहरूको वर्षा गर्न थाल्यो तर आफ्ना नानाथरी राक्षसी माया अस्त्रले घटोत्कच एक्लैले नै अलम्बुष, कर्ण र कौरवसेनालाई आच्छु आच्छु पारिरहेको थियो। घटोत्कचको मायाको बल हेरेर अलम्बुषले घटोत्कचमाथि नाना प्रकारका सायक समूहको झरी नै लगाएर पाण्डव



सेनालाइ धपाइदियो। यसै प्रकार घटोत्कचको वाणबाट क्षत–विक्षत भएर तपाईंको सेना हातमा समातेका हजारौं राँको (मशाल) फाल्दै भाग्न थाले।

तदन्तर अलम्बुष अत्यन्त क्रोधित भएर घटोत्कचमाथि दशवटा वाण हान्यो। घटोत्कचले पनि भयङ्कर गर्जना गर्दै अलम्बुषको घोडा र सारथि मारी उसका आयुधहरू पनि टुक्राटुक्रा पारिदियो। अनि त अलम्बुष क्रोधले रन्थनिएर घटोत्कचमाथि बडो जोरले मुडकी हाने। मुडकीको चोटले घटोत्कचको सम्पूर्ण शरीर काम्यो। फेरि घटोत्कचले पनि अलम्बुषलाई मुडकी हानेर भूमिमाथि पछारी कुहिनोले मर्दन गर्न थाल्यो। अलम्बुष जेनतेन घटोत्कचको चङ्गुलबाट मुक्त भई घटोत्कचलाई पनि भूमिमाथि पछारी मर्दन गर्न थाल्यो। यस प्रकारले दुवै राक्षसहरू भयङ्कर गर्जना गर्दै युद्ध गरिरहेका थिए। उनीहरूको बीच बडो रोमाञ्चकारी युद्ध भइरहेको थियो। ती दुवै बडो पराक्रमी र मायावी थिए र माया बलमा एक अर्कालाई आफ्नो विशेषता देखाउँदै युद्ध गरिरहेका थिए। एक आगो बनेर प्रकट हुन्थ्यो त अर्को समुद्र बनेर। एकलाई नाग बनिरहेको हेरेर अर्को गरुड बन्दथ्यो। यसै प्रकार घरी मेघ र आँधी, घरी पर्वत र बज्र तथा घरी हात्ती त कहिले सिंह बनेर प्रकट भइरहेका थिए। एकले सूर्यको रूप बनाए अर्को राहु बनेर उसलाई ग्रसित गर्न आइहाल्दथ्यो। यस प्रकार एकले अर्कालाइ मार्ने इच्छाले नानाथरी माया सृष्टि गरिरहेका थिए। उनीहरूको युद्धको ढङ्ग बडो नै विचित्र थियो। उनीहरूले परिघ, गदा, प्रास, मुग्दर, पट्टिस, मूसलको प्रहार पर्वत शिखरबाट परस्पर गरिरहेका थिए। उनीहरूको माया शक्ति अजङ्गको थियो। त्यसैले कहिले दुवै घोडचढी भई लडाइँ गर्दथे त कहिले दुई हात्तीसवार भई लडाइँ गर्दथे त कहिले पैदल सेनाझैं एक्लै भए पनि समूह बनाएर लड्दथे।

यसैबीच अलम्बुषलाई मार्ने इच्छाले घटोत्कच माथि उफ्रियो तथा बाज चराझैं झम्टेर उसले अलम्बुषलाई समात्यो। फेरि माथि उचालेर भूमिमा पछारी आफ्नो तरबार झिकी उसको भयङ्कर मस्तक काटिदियो। रगताम्य त्यो मस्तक लिएर घटोत्कच दुर्योधनको छेउ गई उनको रथमा फालेर भन्यो–यो हो तपाईंको सहायक बन्धु, यसलाई मैले मारिदिएँ। हेर्नुभयो यसको पराक्रम ? अब तपाईं आफू र कर्णको पनि यस्तै दशा भएको हेर्नुहुनेछ। यति भनेर घटोत्कच तीक्ष्ण वाणहरूको वर्षा गर्दै कर्णतिर लाग्यो। त्यति बेला मानिस र राक्षसबीच अत्यन्त भयङ्कर र आश्चर्यजनक युद्ध हुन थाल्यो।

क्रमशः

# कलेजो र पित्तप्रणाली

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**कलेजो माइटोकोन्ड्रियाको भण्डार हो जुन ऊर्जा बनाउने पावर–हाउस हो। कलेजोमा प्रोटिन, कार्बोहाइड्रेट, बोसो र भिटामिन सबैको मेटाबोलिज्म हुन्छ जसको विस्तृत विवरण छुट्टाछुट्टै मात्र दिन सकिन्छ।**

हाम्रो शरीरमा आकार र भारको हिसाबले क्रमानुसार छाला, कलेजो, मस्तिष्क, फोक्सो, फियो र मिर्गौलाको नाम आउँछ। छालाको वजन ५ किलो, कलेजोको १५६१ ग्राम, मस्तिष्कको १४०७ ग्राम, दुवै फोक्सोको ८४० ग्राम, फियोको १३९ ग्राम र त्यसपछि मिर्गौलाको नम्बर आउँछ। यसमा छाला र मिर्गौलाको वर्णन गरिसकियो आज पालो कलेजोको हो। कलेजोको वजन दोस्रो भए पनि






FIGURE 40-2: Hepatic lobule






FIGURE 40-3: Biliary system

ग्रन्थिहरूमा सबैभन्दा महत्त्वपूर्ण हो। ग्रन्थिको मतलब जसले हार्मोन र अन्य रस निकाल्छ। हार्मोन सीधै रगतमा चुहिन्छ र अन्य रस कुनै नली भएर यात्रा गर्छ। कलेजोमा यी दुवै प्रकारको प्रकृति भएकोले यसलाई उभयग्रन्थि भनिन्छ। अमाशय भोजनको भकारी, आन्द्रा अवशोषणको भकारी हो भने कलेजो मेटाबोलिज्म र ऊर्जाको भकारी हो। यसमा कार्बोहाइड्रेट, प्रोटिन, बोसो र भिटामिन सबैको मेटाबोलिज्म मात्र हुँदैन, हामीले खाएको सबै ओषधि र यहासम्म कि विषाक्त पदार्थ पनि यही टुटेर कम प्रभावकारी बन्छ। कलेजोको वर्णन सबैभन्दा पहिले रोमन एनाटोमिस्ट गेलेनले गरे। त्यसपछि १८७८ मा कर्ल वेल्हेम, १८९८ मा टेड्युज र १९९१ मा जोसेफ हयुज भिन्सेट डिस्सेले थुप्रै प्रकारको खोज गरे।

कलेजो एउटा ठूलो स्पोन्जी फूटबल आकारको संरचना हो जसको तलको भाग पच्केको हुन्छ। यो हाम्रो पेटको माथिल्लो भागको दायाँपट्टि करङले छोपिएको हुन्छ। यसमा चार खण्ड हुन्छ जसलाई लोब भनिन्छ यथा : दायाँ लोब, बायाँ लोब, क्वाड्रेट लोब र कौडेट लोब। प्रत्येक लोबमा आठवटा उपखण्ड वा सेग्मेन्ट हुन्छ। प्रत्येक सेग्मेन्टमा अझ सानो १००० उपलोब हुन्छ जसलाई लोब्युल भनिन्छ। यी लोब्युलको सङ्ख्या एक लाख हुन्छ जुन माहुरीको छत्ताजस्तो देखिन्छ र यसकारण यसको बनावटलाई हनीकोम्ब्रि एरेन्जमेन्ट भनिन्छ। दुईटा लोब्युलका सेलहरूले एउटा प्लेट बनाउँछन्। लोब्युलभित्रै मालाको रूपमा सजाइएका लिभर सेल्स हुन्छ, जसलाई हिपेटोसाइट भनिन्छ। यसको आकार २० देखि ३० माइक्रोन हुन्छ। जसरी कुनै मालाको बीचमा खाली ठाँउ हुन्छ त्यस्तै यहाँ पनि हुन्छ जसलाई वाइल कैनेलिकुलस भनिन्छ। हिपेटोसाइटले निकालेको रस जसलाई वाइल भनिन्छ यसैबाट भएर प्रवाहित हुन्छ जुन अन्तमा मोटो पित्तनली भएर कलेजोको बाहिर निस्किन्छ। यही माला जस्तो आकारलाई प्लेट भनिन्छ। माहुरीको छत्तामा जस्तै दुईटा प्लेटको बीचमा एउटा खाली ठाउँ हुन्छ जसलाई साइनुस्वायड भनिन्छ जसको सङ्ख्या मिलियनभन्दा बढी हुन्छ। यसभित्र अनगिन्ती साइनुस्वायडल सेल हुन्छ। हिपेटिक धमनीबाट शुद्ध र पोर्टल भेन भएर खानामिश्रित रगत यसै साइनुस्वायडमा आएर मेटाबोलिज्म प्रक्रियामा जान्छ। यसरी २० प्रतिशत रगत हिपेटिक धमनी र ८० प्रतिशत रगत पोर्टल भेनबाट लिभरमा आउँछ। लिभरमा रगतको प्रवाह १३५० एमएल प्रतिमिनट हुन्छ अथवा रगतको ३० प्रतिशत केवल कलेजोमा प्रवाहित हुन्छ। यसको अलावा कुफर र स्टिलेट सेलले, जसको पत्ता जर्मन कर्ल वेल्हम रिटर कुफरले लगाए, कलेजोलाई ब्याक्टेरिया र भाइरसबाट बचाउँछ। यसको अतिरिक्त हिपेटोसाइट र साइनुस्वायडको बीचमा पनि एउटा अर्को स्पेसको पत्ता, जमर्न जोसेफ हयुज भिन्सेट डिस्सेले लगाए जसलाई स्पेस अफ डिस्से भनिन्छ। सम्पूर्ण कलेजोमा साइनुस्वायडल सेल ४४ प्रतिशत, कुफर सेल ३३ प्रतिशत, स्टिलेट सेल १० देखि २५ प्रतिशत र अर्को प्रकारको जसलाई एनके वा नेचुरल किलर सेल भनिन्छ ५ प्रतिशत हुन्छ। कुफर सेल कलेजोको स्थायी मैक्रोफेज हो जसले ब्याक्टेरिया खान्छ। स्थायीको मतलब यो रगतमा बगेर अन्यत्र अर्को मैक्रोफेजजस्तो जाँदैन। सङ्क्षेपमा यति बुझ्ने हुन्छ कि हिपेटोसाइटले पित्त बनाउँछ, कुफर र स्टिलेट एनके सेलले बाहिरी भाइरस र ब्याक्टिेरियालाई खाई कलेजोको सुरक्षा गर्छ।

प्रत्येक लोब्युलमा एक हिपेटिक धमनीको शाखा, एक पोर्टल भेनको सानो शाखा र एक वाइल डक्टको सानो शाखा अवश्यमेव हुन्छ जसलाई पोर्टल ट्रायड भनिन्छ। हिपेटिक सेल्सहरू यिनै ट्रायडको चारैतिर पहियाको स्पोक्सजस्तो फैलिएको हुन्छ। शरीरको ३० प्रतिशत रगत केवल कलेजोमा प्रवाहित भइरहन्छ। हिपेटिक धमनीका यी सानासाना शाखाबाट हिपेटोसाइटले न्युट्रिशन प्राप्त गर्छ। सबै अङ्गजस्तै लिभरसेलबाट निस्केको विजातीय पदार्थ पनि पोर्टल भेनको शाखा बाट हिपेटिक भेन भएर इन्फेरियर भेनाकेभामा पुग्छ। प्रायः सबै अङ्गमा विजातीय पदार्थको व्यवस्थापन यही हुन्छ। अर्थात् धमनीबाट आक्सिजेनेटेड रगत लिने र शिरा भएर विजातीय पदार्थ बाहिर मिल्काउने। तर कलेजोमा एउटा तेस्रो व्यवस्था पनि छ। त्यो हो पित्तको व्यवस्था। प्रत्येक हिपेटिक सेलहरू मिलेर दिनहुँ १००० मिलिलिटर अथवा चार कप पित्त नित्य निकाल्छन् जुन क्रमशः मसिनो वाइल अथवा पित्त केनेलिक्युली भएर ठूलो र अझ ठूला केनेलिक्युली हुँदै बायाँको वाइल बायाँ हिपेटिक नली र बायाँ हिपेटिक डक्टमा खुलेर बाहिर आउँछ। कलेजोभित्र वाइल प्रवाहको व्यवस्था हुन्छ जसलाई इन्ट्राहिपेटिक विलियरी प्रणाली भनिन्छ। यहींबाट वाइल कलेजोको बाहिर जान्छ त्यसलाई एक्सट्राहिपेटिक पित्तप्रणाली भनिन्छ। यो शुरू हुन्छ बायाँ र दायाँ हिपेटक डक्टबाट जुन आपसमा मिलेर कमन हिपेटिक डक्ट बनाउँछ। यसमा पित्तथैलीको नली सिस्टिक डक्ट मिल्छ तब त्यसलाई कमन वाइल डक्ट भनिन्छ। कलेजोको दायाँ लोबको एउटा खाडलमा पियर सेपेड एउटा सानो संरचना हुन्छ, जसलाई पित्ताशय वा पित्तथैली भनिन्छ। कलेजोबाट निस्केर पित्त यसैमा जम्मा हुन्छ। यसको काम पित्तको ९० प्रतिशत पानी शोषेर पित्तलाई बाक्लो बनाई कम मात्रामा बढी क्रियात्मक बनाउनु हो। यसरी १००० मिलिग्राम वाइल पित्तथैलीमा केवल ५० देखि ८० मिलीग्राम बनेर बस्छ। कमन वाइलडक्टको तल्लो भागमा पैन्क्रियाजबाट आएको पैन्क्रिएटिक डक्ट मिल्छ जुन अलि फुलेको र ठूलो हुन्छ, जसलाई एम्पुला अफ भैटर भनिन्छ जुन डयुयोडिनममा खुल्छ जहाँ वाइल बोसोमा मिलेर त्यसलाई तोड्ने र पचाउने काम गर्छ। एम्पुला अफ भैटरको पत्ता अब्राहम भेटरले लगाएका थिए। यसमा मलाशय वा पिशाबथैली जस्तो एउटा खुल्ने ढोका हुन्छ जसलाई स्फिंक्टर अफ ओड्डी भनिन्छ जसको पत्ता इटालियन न्युगर ओड्डीले १८८७ मा लगाए। पित्त भएन भने हामी बोसो पचाउन सक्दैनौं। नर्मल अवस्थामा पित्त पित्तथैलीमा बसेको हुन्छ। जब खानाको वोसो ड्युयोडिनममा पुग्छ तब त्यसले पित्तथैलीलाई स्टिम्युलसको काम गर्छ। तब पित्तथैली सङ्कुचित हुन्छ र पित्त जुन स्फिन्कटर अफ ओडीबाट रोकिएको हुन्छ त्यो खुल्छ र पित्त बाहिर आएर एम्पुला अफ भेटरमा पैन्क्रियेटिक ज्युससँगै ड्युयोडिनममा पुग्छ जहाँ विभिन्न स्टेजमा यसले बोसो पचाउन शुरू गर्छ। पित्तथैलीको पत्थरी वा अन्य बिमारीमा पित्तथैली निकालिन्छ किनभने पित्तथैली बाँच्नको लागि जरूरी होइन। यसलाई निकालेर फालेपछि कलेजोबाट डाइल्युट पित्त हरपल बगिरहन्छ र बोसो पचाउन कुनै बाधा पर्दैन। तर पनि कहिलेकाहीं यस्तो मान्छेमा पातलो दिसा भएको देखिन्छ, किनभने वाइलको लैक्जेटिभजस्तो एक्शन हुन्छ। पित्तमा ९५ प्रतिशत पानी र अन्यमा मुख्यतः सोडियम, पोटासियम साल्ट, कोलेस्ट्रोल आदि हुन्छ।

**कलेजोको काम :** कलेजोको यस बनावटबाट प्रायः यसको काम पनि अवश्य पत्ता लाग्दै गएको होला। कलेजोको मुख्य चार काम हुन्छ–**मेटाबोलिज्म र ऊर्जा उत्पादन :**

कलेजो माइटोकोन्ड्रियाको भण्डार हो जुन ऊर्जा बनाउने पावर–हाउस हो। कलेजोमा प्रोटिन, कार्बोहाइड्रेट, बोसो र भिटामिन सबैको मेटाबोलिज्म हुन्छ जसको विस्तृत विवरण छुट्टाछुट्टै मात्र दिन सकिन्छ। **डिटोक्सिफिकेशन :**

हामीले खाने सबै ओषधि र यहाँसम्म कि विष पनि कलेजोमा नै चुँडिन्छ। ओषधि चुँडिनुभन्दा पहिले आफ्नो काम गरी सकेको हुन्छ र चुँडिएपछि दिसा वा पिसाबबाट मिल्काइन्छ। विषलाई पनि कलेजोले तोडेर सकेसम्म हानिरहित बनाएर बाहिर निकाल्छ। बाहिर निकाल्न सकेन भने विषले मान्छेमा असर गर्छ वा मान्छे मर्छ। **सिन्थेसिस :**

कलेजोले मुख्यतः पित्त बनाई बोसोलाई पचाउँछ। तर यसको अलावा

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

केवल पुरानो हुनु मात्र सत्यताको मापदण्ड हो भन्ने विचार जुन हाम्रो दिमागमा जरो गाडेर बसेको छ, त्यसलाई जरैदेखि उखेल्नुपर्छ। प्राचीन वा नवीन हैन, प्रामाणिकता हेर्नुपर्छ। जहाँ धर्मको नाममा धेरै पाप भइरहेको छ, त्यहाँ हामीले होश सम्हालेर केही मात्रामा भएपनि पुराना मान्यताहरूलाई परिमार्जित गरी एउटै नयाँ धर्म बनाउनु पर्छ, जसको कुनै साम्प्रदायिक नाम नहोस्, जसको उद्देश्य मानवता मात्र होस्। सम्प्रदायलाई धर्म मानेर अर्को समुदायसँग छुट्टिएर अलग्गै बस्नुको पछाडि एउटा धेरै ठूलो कारण छ, त्यो के भने हामीहरू महापुरुषहरूलाई भगवान्को शक्ति प्राप्त गरेका पुरुष मात्र मान्दैनौं। उनीहरूलाई साक्षात भगवान्कै अवतार मान्छौं र अलग–अलग संस्कृति निर्माण गर्छौं। हामीहरू आफ्नो विवेक प्रयोग नगरी अनेक किसिमका कहानीहरू बनाएर मानिसहरूलाई फकाउँछौ। साँच्चीकै भन्ने हो भने सबै मानिस भगवानकै रचना हुन्। भगवानलाई भौतिकरूपमा हेर्न सकिंदैन। महापुरुषलाई महापुरुष मात्र मान्दा हाम्रो कल्याण हुन्छ। सत्य कुरा त के हो भने कुनै पनि मानिस जति पनि श्रेष्ठ र शक्तिशाली किन नदेखियोस् वा तपाईंलाई जो ठूलो व्यक्तित्व हो भनिएको छ, तपाईं त्यस व्यक्तिभन्दा पनि राम्रो बन्न सक्नुहुन्छ। यो सम्भावना तपाईं भित्र सधैं निहित रहन्छ। यसको लागि तपाईं स्वयंबाहेक कसैले तपाईंलाई रोकेको हुँदैन। संसारमा कोही श्रेष्ठ मानिस जन्मिएको छ र यदि उसले संसारको लागि श्रेष्ठ कार्य गरेको छ भने उसको इज्जत गरौं। कम से कम उसको नाम राखेर अलग धर्म निर्माण गरी उसको बेइज्जती नगरौं।

प्रकृति एउटाभन्दा अर्को छैन, एउटै छ भने पुरुषको रूपमा मानिएका भगवान् पनि एकै हुन सक्छन्। एकभन्दा बढी हुन सक्दैनन् भने धर्म चाहिं कसरी एकभन्दा बढी हुन सक्छ। संसार परिवर्तन गर्न कठिन भएकोले शायद हामीहरू सक्दैनौं तर हामीहरूलाई आफैंभित्रबाट रूपान्तरण हुन कसैले रोक्न सक्दैन। यसको लागि हामी आफैंले तयारी गर्नु पर्छ साथै परिवर्तन हुने निर्णय स्वतःस्फूर्त हुनुपर्छ। अरूले भनेको भरमा निर्णय गरेमा त्यो फलदायी हुँदैन। हाम्रो आफ्नै निर्णय हुनुपर्छ। यसका लागि हामीले आफूलाई सबै प्रकारका डरबाट बाहिर निकाल्नुपर्छ। यदि तपाईंका गुरु महापुरुष हुन् भने तपाईंको यो निर्णयबाट उनी खुशी हुनेछन्। यदि उनी देखावटी गुरु हुन् भने तपाईंको यो निर्णयबाट रिसाउने छन्। यस्तो अवस्थामा तपाईंले आफ्नो कल्याणको लागि त्यस्ता गुरुलाई त्यागिदिनुमैं बद्धिमानी हुनेछ। यस संसारमा प्रत्येक मानिस मुक्त भएर स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार राख्छ। कुनै पनि प्रकारको डर वा बन्धन भगवानद्वारा बनाइएको चीज होइन। यो डर वा बन्धन मानिसले बनाएका हुन्। जहाँ डरको कुरा गरिन्छ त्यहाँ हामीलाई कसैले गलत बाटोमा हिंडाउने कोशिश गरिरहेको छ भन्ने कुरा बुझ्नुपर्छ। डर देखाउनु भनेकै गलत बाटोमा हिंडाउन गरिने कोशिश हो, अरू केही होइन। यस्ता डर देखाउनेहरूको आफ्नो खोजी केही हुँदैन, विचार केही हुँदैन र निर्णय केही हुँदैन। सबै कुरा उधारै चलिरहेको हुन्छ। उनीहरूको जीवन पूर्णरूपमा कोही अरूप्रति समर्पित हुन्छ। उनीहरू साधनामा हैन शारीरिक क्रियामा मस्त र लीन भएका देखिन्छन् र हेर्दा बडा सरल पनि देखिन्छन्। उनीहरूको कुरा सुन्दा यस्तो लाग्छ कि उनीहरू नै यस सिद्धान्तका सिद्धान्तकार हुन् तर उनीहरूमा केही सिर्जनात्मकता छैन, केही नयाँपन छैन, जीवनमा केही आनन्द छैन, मनभरि भित्र भित्रै कुण्ठा पालेर राखेका छन्। उनीहरू आफैं दोधारमा छन्। उनीहरू आफू गलत छुँ भन्न पनि सकिरहेका छैनन् किनकि उनीहरूले आफूलाई आफ्नै मनगढन्ते कहानी अनुरूप ढालिसकेका छन्। उनीहरूले त्यसैमा आफूलाई पूर्णरुपले होमिदिएका छन्। कसैले उनीहरूलाई तपाईंहरूले गलत गरिरहनु भएको छ भनिदियो भने उनीहरू धेरै रिसाउँछन्। अतः यस्तो प्रवृत्ति हटाउन हामीले व्यक्तिगतरूपमा प्रयास गर्नुपर्छ। हामीले साम्प्रदायिकता फैलाउनेहरूको प्रवचन सुन्न बन्द गर्नुपर्छ। उनीहरूले बनाएका कथा तथा कहानीलाई आदर गर्न बन्द गर्नुपर्छ। यस्तै सुधार गर्दै गए बिस्तारैबिस्तारै यसमा सुधार आउने छ। साम्प्रदायिकतामा एकता गर्नु हानिकारक हुन्छ त्यसैले साम्प्रदायिकतामा एकता गर्नु हुँदैन। जबसम्म हामी साम्प्रदायिकताको पर्खाल भत्काउन सक्दैनौं तबसम्म धार्मिक प्रवृत्तिको विकास हुन सक्दैन। सबै महापुरुषहरू साम्प्रदायिक भावनाबाट प्रेरित भएर कार्य गरिरहेका छैनन्, केही महापुरुष साम्प्रदायिक भावनारहित भएर पनि कार्य गरिरहेका छन् तर ती संस्थामा लाग्ने केही मानिस भने पूर्णरूपमा साम्प्रदायिक भावना छोड्न सकेका हुँदैनन्। उनीहरूले साम्प्रदायिक भावना छोड्ने साहस देखाउनुपर्छ।

हामीहरू सबै आतङ्कवादबाट ग्रसित छौं। हामी सरकारले आतङ्कवादीबाट जोगाओस् भन्ने चाहन्छौं तर सरकारी सुरक्षाकर्मीको एक्लो प्रयासले आतङ्कवाद कम हुन्छ भन्ने हामीलाई नै विश्वास लाग्दैन। आतङ्कवादको प्रमुख कारण साम्प्रदायिक भावना हो। जुन दिनदेखि साम्प्रदायिक भावना कमजोर हुन्छ त्यही दिनदेखि कुनै पनि मानिस आतङ्कवादको लागि तयार हुने छैन। उनीहरू आतङ्कवादको साटो मानवीयतातर्फ उन्मुख हुनेछन्। साम्प्रदायिकता समाप्त पार्ने काम हामीहरूको सहयोगविना असम्भव छ।

क्रमशः

# अन्तर्राष्ट्रिय समाचार

## भियतनाममा डेंगुबाट १०२ जनाको मृत्यु



तस्वीरः एजेन्सी

हनोई, ११ कात्तिक/सिन्ह्वा

भियतनाममा यस वर्षको शुरूदेखि हालसम्म करीब दुई लाख ६० हजार डेंगु ज्वरोबाट सङ्क्रमित भएका छन् । सङ्क्रमणका कारण दश महीनामा १०२ जनाको मृत्यु भएका भियतनामको स्वास्थ्य मन्त्रालयले शुक्रवार जनाएको छ ।

सङ्क्रमण र मृत्युको सङ्ख्या सन् २०२१ को सोही अवधिको तुलनामा झन्डै पाँच गुणा बढेको पनि मन्त्रालयले जनाएको छ । नोभेम्बर र डिसेम्बरमा धेरै प्रान्त र शहरहरूमा 'ठूलो प्रकोप' हुने सम्भावना रहेको पनि मन्त्रालयले जनाएको छ ।

हो ची मिन्ह सिटी अझै पनि भियतनाममा डेंगु ज्वरोको केन्द्रविन्दुको रूपमा रहेको छ । यस अवधिमा करीब ७० हजार सङ्क्रमण र २९ जनाको मृत्यु भएको छ । राजधानी हनोईमा बाह्र जनाको मृत्युको हुनुका साथै ८ हजार भन्दा बढी घटनाहरू देखिएका छन् ।

डेंगु ज्वरोबाहेक, भियतनाममा हालै अन्य रोगहरूको जटिल विकास पनि भएको देखिएको छ । उत्तरी बाक कान प्रान्तमा आठ सयभन्दा बढी प्राथमिक विद्यालयका विद्यार्थीहरू रहस्यमय फ्लूबाट सिकिस्त भएको बताइएको छ । तीमध्ये एक आठ वर्षीय बालकको मृत्यु भएको छ । रासस

## अमेरिकी विद्यालयमा बन्दूक आक्रमणका घटना बढ्दै

सिड्नी, ११ कात्तिक/सिन्ह्वा

संयुक्त राज्य अमेरिकाका विद्यालयमा हुने गरेका हिंसाका घटना सन् २०२२ मा झन् धेरै भएका छन् । अस्ट्रेलियाको एक संस्थाले गरेको अनुसन्धानबाट सो तथ्य पाइएको हो । सो अनुसन्धानका अनुसार अमेरिकामा पहिलेका वर्षहरूका तुलनामा यस वर्ष दुई महीना बाँकी छँदै विद्यालयमा बन्दूक आक्रमणका घटना बढी देखिएको हो ।

सन् २०२१ अमेरिकी इतिहासमैं सबैभन्दा धेरै यस्ता हिंसाका घटना भएको वर्ष भनिएकोमा सन् २०२२ का दुई महीना बाँकी छँदै अहिले नै २५७ वटा घटना भएको पाइएको समाचारमा जनाइएको छ ।

सन् २०२१ मा यहाँका विद्यालय तथा विश्वविद्यालयमा यस्ता घटना २५० वटा भएका थिए । ती घटनाका तुलनामा यस वर्ष बढेको अस्ट्रेलियाली मिडिया नेटवर्क संस्था द कन्भरसेसन्सले जानकारी दिएको हो ।

सो संस्थाले तीनजना अमेरिकी अपराध न्यायसम्बन्धी विज्ञसँग पनि अमेरिकामा विद्यालय, विश्वविद्यालयमा यहाँका किशोरकिशोरीहरूले गर्ने गरेका बन्दूक हमलाका विषयमा कुराकानी गरेर एक विश्लेषण पनि अनुसन्धानका क्रममा तयार पारेको जनाएको छ ।

अमेरिकी किशोरकिशोरीहरूले विद्यालयमा हुने गरेका सानातिना विवादमा पनि बन्दुक हमला गरेर आफ्ना साथीहरूको हत्या गर्ने गरेका छन् । अमेरिकामा सन् २०१८ देखि २०२२ सम्म भएका यस्ता हिंसाका घटनाबाट कम्तीमा पनि ५२ जनाको ज्यान गएको छ । रासस

## दक्षिणी फिलिपिन्समा आएको बाढीमा परी कम्तीमा तेह्रको मृत्यु

मनिला, ११ कात्तिक/सिन्ह्वा

दक्षिणी फिलिपिन्सको मागुइनडानाओ प्रान्तका कैयौं शहरहरूमा रातभरि परेको भीषण वर्षाका कारण शुक्रवार कम्तीमा १३ जनाको मृत्यु हुनुको साथै अन्य धेरै बेपत्ता भएका स्थानीय अधिकारीहरूले जानकारी दिएका छन् ।

भीषण बाढीको कारण आएको पहिरोमा परी तेह्रजनाको मृत्यु भएको मागुइनडानाओ प्रान्तको प्रकोप नियन्त्रण र व्यवस्थापन कार्यालयका प्रमुख नुरूउल्लाह इमामले पुष्टि गरेका छन् । फिलिपिन्समा मुख्यतया प्यासिफिक रिंग अफ फायर र प्यासिफिक टाइफुन बेल्टमा यसको स्थानको कारण विश्वको तुलनामा यस्ता प्रकोपहरू आउने गरेका छन् ।

औसत यस देशमा वार्षिक बीसवटा टाइफु आउने गरेको छ । तीमध्ये केही तीव्र र विनाशकारी रहेको जनाइएको छ । रासस

## डलरको तुलनामा युरो मजबुत

काठमाडौं, ११ कात्तिक/रासस

लगातार उकालो लाग्दै आएको अमेरिकी डलरको मूल्य स्थिर रहँदा युरोपेली देशको साझा मुद्रा युरो भने केही मजबुत देखिएको छ । नेपाल राष्ट्र बैंकले आजका लागि तय गरेको मूल्य अनुसार एक अमेरिकी डलरको खरीद मूल्य १३१ रुपियाँ ६९ पैसा रहेको छ । त्यस्तै बिक्री मूल्य १३२ रूपेयाँ २९ पैसा रहेको छ ।

युरोको भने खरीद मूल्य १३२ रुपियाँ १८ पैसा रहेको छ भने बिक्री मूल्य १३२ रुपियाँ ७८ पैसा रहेको छ । यस आधारमा अमेरिकी डलरभन्दा झिनोरूपमा युरो अगाडि रहेको छ । बिहीवार पनि अमेरिकी डलरको तुलनामा युरो नै मजबुत देखिएको थियो । पछिल्ला दिनमा लगातार अमेरिकी डलरको मूल्यमा देखिएको वृद्धिले घरेलु अर्थतन्त्रमा दबाब परेको थियो ।

आयातमा केन्द्रित रहेको अर्थतन्त्रमा डलरको मूल्य बढ्दा नकारात्मक प्रभाव देखिएको छ ।

विप्रेषणलगायत केही क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भए पनि अधिकांश माल वस्तु आयात हुने देशमा त्यसले नकारात्मक असर पर्ने अर्थतन्त्रका जानकारको भनाइ छ ।

## महोत्तरीमा निषेधाज्ञा कायमै

महोत्तरी, ११ कात्तिक (रासस):

महोत्तरीको भङ्गाहा नगरपालिकामा जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा (कर्फ्यू) कायमै राखेको छ ।

भङ्गाहा–८ पडरिया बस्तीमा बिहीवार दुई समूहबीच झडप भएपछि जिल्ला प्रशासन कार्यालयले पडरिया वरपर क्षेत्र तोकेर निषेधाज्ञा जारी गरेको थियो । निषेधाज्ञा आज पनि जारी छ ।

भङ्गाहा नगरपालिका–८ को दक्षिणमा पर्ने पडरिया बस्तीको सम्पूर्ण क्षेत्र, उत्तरपूर्वमा पडरियाको ब्रह्मस्थान, उत्तरमा धर्मपुर बस्तीको दक्षिण, पूर्वमा लोहारपट्टी नगरपालिका–१ मा पर्ने बगडाचोक तथा पश्चिममा इलाका प्रहरी कार्यालय लोहारपट्टीस्थित पुलसम्म जिल्ला प्रशासनले अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ ।

यस सम्बन्धमा थप अर्को आदेश जारी नभएसम्म घोषित क्षेत्रभित्र समूहमा हिंडडुल गर्न तथा बाहिरी क्षेत्रबाट सो क्षेत्रमा प्रवेश गर्न निषेध गरिएको प्रमुख जिल्ला अधिकारी दीपककुमार पहाडीले जारी गरेको आदेशमा उल्लेख छ ।

अवस्था थप जटिल हुन नदिन प्रजिअ पहाडीले जिल्लाका सबै राजनीतिक दल, सामाजिक सङ्घसंस्थाका प्रतिनिधि र आम नागरिकसँग अपिल गरेको छ ।

## साप्ताहिक मौसम : हिमपातदेखि वर्षाको सम्भावना

काठमाडौं, ११ कात्तिक/रासस

आगामी साता देशको केही स्थानमा हल्का हिमपात र वर्षा हुने सम्भावना देखिएको छ । जल तथा मौसम विज्ञान विभागले विशेष साप्ताहिक मौसम पूर्वानुमान बुलेटिन निकालेर हिमाली भूभागमा हल्का हिमपात तथा पहाडी भूभागमा छिटपुटदेखि हल्का वर्षाको सम्भावना रहेको जनाएको छ ।

प्रदेश नं १, मधेस प्रदेश, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका भूभागमा साताको अन्त्यमा आंशिकदेखि सामान्य बदली रहने सम्भावना छ । विभागका अनुसार अधिकांश भूभागमा अधिकतम र न्यूनतम तापक्रम हल्का घट्ने सम्भावना छ ।

महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम १३ डिग्री र अधिकतम तापक्रम २५ डिग्री सेल्सियस छ । आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम ०.६ डिग्री सेल्सियस र सबैभन्दा बढी जनकपुरको अधिकतम तापक्रम ३१.५ डिग्री सेल्सियस छ ।

### प्रकृतिमय...........

गइरहेका छन् । त्यसै क्रममा एक बटुवा, जो टाढाबाट सोही बाटो हुँदै गन्तव्यतर्फ गइरहेका थिए, छठ पर्वबारे जिज्ञासा पोखे–"काँचो बाँसले निर्मित यो सुन्दर बहँगी कता जाँदैछ ?"

"बात जे पुछेलं बटोहिया,
बहँगी केकरा के जाए...?"

व्रतालुहरू प्रश्नकर्ताभन्दा पनि बढी आश्चर्यचकित भए । मनमनै सोच्न थाले–यो कस्तो मान्छे हो ? कहाँको मान्छे हो, जसलाई महापर्व छठबारे केही थाहा छैन ।

तू त आन्हर हउव रे बटोहिया,
बहँगी छठी माई के जाए...।"

"तिमी के अन्धो हौ ? थाहा छैन,यो बहँगीसहित हामी छठी माताको पूजा अर्चना गर्न छठघाटतर्फ गइरहेका छौं ।"

केही बेरमा व्रतालुहरूको ताँती छठघाट पुग्यो । फलफूल, प्रसाद, अगरबत्ती तथा अक्षताले भरिएको दौरा चारैतिर राखिएको छ । व्रतालूहरू छठ गीत गाउँदै पूजन कार्यमा व्यस्त छन् । कोही अस्ताउँदो सूर्यलाई अर्घ दिनको लागि पोखरीतर्फ गइरहेका छन् भने अर्घ दिइसकेका व्रतालुहरू 'सिरसोता'को वरिपरि कलश तथा कलशमाथि अर्घ पात्र व्यवस्थापन गरिरहेका छन् । धुप तथा दिपको सुगन्ध तथा छठको लोकगीतले गुञ्जायमान परिदृश्य अद्भुत छ ।

बीचबीचमा "ए जी आइँ ना, छठी माता के गोड लागे जाइँ ना" त कसैले "ए बबुआ आव ना, छठीमाता के गोड लागे जा" भन्दै व्रतालुहरू हातमा अक्षता, फलफूल तथा अगरबत्ती दिँदैछन् । भाकल गरेका भक्तजन घरदेखि भुइँ नाप्दै छठघाट आइरहेका छन् । युवतीहरू दीप प्रज्वलित गरी परालको सानो बिठामाथि राखेर पोखरीमा प्रवाहित गरिरहेका छन् । गोधुलीको समय दियोको प्रकाशले पोखरीको पानी मोतीझैं चम्किरहेको छ ।

छठघाटमा एकातिर पानीपुरी, भाजा, बरफ, बदाम, आइसक्रिम र बैलुन आदिका पसलमा बालबालिकाहरूको भीड उच्च छ । अर्कोतर्फ स्टेजमा सांस्कृतिक कार्यक्रममा वयस्कजन तथा वयोवृद्धहरू दङ्गदास छन् । मेलाभन्दा बढी चहलपहल छ । देश विदेशबाट छठ पर्व मनाउन घर आएका आफन्तजन तथा इष्टमित्रसँग भेटघाट, समाचार अदानप्रदान गरिरहेका छन् । छठपर्वसँगै पारिवारिक तथा सामाजिक जमघट रोचक बनेको छ ।

"ए बबुवा, ले चल दौरा हो, कोसियो भरे के बा" अहिले गोधुली भइसकेको छ । व्रतालुहरू घरतर्फ प्रस्थान गरिरहेका छन् । अहिले छठघाटमा युवकहरू मात्र छन् । उनीहरूले छठघाटको रेखदेख गरिरहेका छन् ।

रातिको एक/दुई बजेदेखि कोसी भर्नेहरूको आगमन छठघाटमा भइरहेको छ । उखु, माटोको हात्ती, कलश आदि सजाएर पूजा तथा कोसी भर्ने कार्य भइरहेको छ । झन्डै बिहानको चार बजेसम्म यो कार्य चल्छ । कतिपय व्रतालु कोसीसँगै दौरा पनि लिएर आउँछन् । कोसी भरिसकेपछि घरका सदस्यहरू कोसीको सामग्री घर पुऱ्याउन जान्छन् भने व्रतालुहरू पुनः छठपूजनमा व्यस्त हुन्छन् ।

बिहानको पाँच बजिरहेको छ । छठघाट पुनः भरिभराउ छ । छठगीत गुञ्जित भइरहेको छ । एकले अर्कोसँग सूर्योदयको समय सोधिरहेका छन् । सूर्योदयको समय नजीकिँदै गइरहेको हुन्छ । अहिले व्रतालुहरू पोखरी/नदीको किनारमा उभिएका छन् । पुरोहित जलपात्रमा दूध लिएर सूर्योदयको प्रतीक्षामा छन् ।

अहिले व्रतालुहरू उदाउँदो सूर्यलाई अर्घ दिएर पुनः पण्डालमा आइरहेका छन् । मानिसहरूको चहलपहलसँगै मिश्रित शब्द तथा बाजागाजाको उच्च आवाजले एकले अर्काको कुरा सुन्न गाह्रो छ । बिस्तारै व्रतालुहरू घर प्रस्थान गर्दैछन् । स्थानीय देवालयहरूमा पूजापाठ गरी घर जाने क्रम जारी छ । व्रतालुहरूले पारन गरेसँगै छठव्रतको समापन हुन्छ । बुवा वा दाइभाइहरूले चेलीबेटीहरू कहाँ 'बायन' लिएर जाने परम्परा सदीयौंदेखि निरन्तर छ ।

०००

छठव्रतको वृत्तान्त सुनेपछि हाकिम साहेबसहित सबै दङ्ग परे । कर्मचारीमध्ये एकजनाले भने–"काठमाडौंस्थित रानी पोखरी छठघाटमा छठपूजा हेर्न त कैयौं पटक गएको छु, तर छठबारे विस्तृत वृत्तान्त थाहा थिएन ।" लगत्तै हाकिम साहेबले भने–"चार दिनसम्म चल्ने यो पर्व महान् मात्रै छैन, अपितु प्राकृतिक पूजन सामग्री प्रयोग हुने भएकोले प्रकृतिमय र सनातन संस्कृति नै भन्नुपर्छ ।"

ती कर्मचारीलाई तीन दिनको स्वीकृत बिदासँगै छठपर्वको प्रसङ्ग सविस्तार सुनाएबापत तलब पाउनेगरी थप दुई दिन गरी पाँच दिन बिदा दिने घोषणा गरे । माहोल उत्साहमय भयो । छठ पर्व सकेर आउँदा ठेकुवा ल्याउन नबिर्सिनु भन्दै समस्त कर्मचारीले आग्रह गरे । त्यसपछि एकअर्कालाई छठपर्वको शुभकामना आदान–प्रदान गर्दै आआफ्नो गन्तव्यतर्फ प्रस्थान गरे ।

### अमेरिका...............

जम्मा भएर नेपालीहरूले तिहारको सामूहिक रमाइलो गर्दा रहेछन् । भाइटीकामा नेपाालीहरूले प्रयोग गर्ने सप्तरङ्गी टीकासमेत यहाँ पाइन्छ । यहाँ नेपालीहरूले सञ्चालन गरेको मासु पसलहरूमा– 'यहाँ बेसार दलेको छालावाला मासु पाइन्छ' भनी नेपालीहरूलाई लोभ्याएको पाइयो । यहाँ खसीको मासु सान्है महँगो छ तर चिकेन (कुखुरा) पोर्क सान्है सस्तो छ । भाइटीकालाई चाहिने सुपारी फूलको माला, भाइमसाला, ओखर, कटुस सबै छ्याप्छ्याप्ती पाइने । दशैंझैं नेपालीहरू इष्टमित्रको घरमा जम्मा हुने, तिहारको गीत गाउने, खानपिन गर्ने गर्दा रहेछन् । सेलरोटी त यहाँ नेपालको बिर्साउने खालको मीठो तर एकदम महँगो पाइन्छ । भर्जिनियामा नेपालीहरूले खोलेको होटल हिमालयन याकको सेलरोटी असाध्यै प्रसिद्ध रहेछ । भर्जिनियाको आसपास एक दर्जनभन्दा बढी नेपाली रेस्टुरेन्ट छन् यहाँ गुन्द्रुक, ढिडो, मस्यौंरा र थकाली खाना पनि पाइन्छ । नेपाली स्वाद खोज्दै यहाँ अमेरिकीहरूसमेत आउँदा रहेछन् । चाडपर्वमा यहाँ बसोवास गर्ने नेपालीहरूको एउटा राम्रो कुरा रहेछ, त्यो भनेको एकै ठाउँमा नजीकैको पार्कमा जम्मा हुने, रमाइलो गर्ने । अरू बेला त कामले फुर्सद नै नहुँदो रहेछ । नेपालीहरूले जमेर लक्ष्मीपूजा र भाइटीका गरेको देख्दा सात समुद्र पारीसमेत नेपालीहरूले आफ्नो परम्परालाई धानेको देख्दा खुशी लाग्यो । नेपालमा त जात, धर्म, र महँगीले चाडपर्व सङ्कुचित हुँदै गएको आभास हुन्छ । धर्मलाई अफिम भन्ने प्रचण्ड घटस्थापनाको साइतमा नयाँ घरमा प्रवेश गर्छन् । ओलीले दोस्रोपल्ट प्रधानमन्त्री बन्दा पण्डित, पुरोहितलाई साइत देखाएर बालुवाटार प्रवेश गर्दछन्, बाबुराम, माधव नेपालहरू अचेल दशैंको रातो टीका निधारमा टिलिक्क टल्काएर हिंडछन् । हिन्दू धर्ममा यस्तालाई पाखण्डी र पातकी भनिन्छ । यिनीहरू हिन्दू धर्म विरोधी हुन् र मुलुकलाई धर्म निरपेक्षताको नाममा इसाइकरणतर्फ धकेले । तर अमेरिकामा बस्ने सबै जात, धर्मका नेपालीहरूले जमेर दशैं तिहार मनाएको देख्दा हाम्रा नेताहरू कतै विदेशीका कठपुतली त हैनन् भन्ने शङ्का–उपशङ्का उब्जिनु स्वाभाविकै हो । राजालाई अझै विष्णुको अवतार नारायण ठान्ने थुप्रै छन् र अझै गणतन्त्रवादीहरूलाई मरेको राजाको बुख्याचाले तर्साउँछ । जित्नेको हाँसो हाँसो, हार्नेको आँसु आँसु भनेको शायद यही हो । सबैलाई छठ पर्वको शुभकामना !

### कलेजो............

यसले अलब्युमिन नामक प्रोटिन पनि बनाउँछ । त्यस्तै ग्लुकोजबाट कलेजोले ग्लाइकोजेन बनाउँछ । **स्टोरेज :**

कलेजोले ग्लाइकोजेन बनाउने मात्र होइन, त्यसको सञ्चय पनि गर्छ जुन चाहिएको बेला ऊर्जाको रूपमा खर्च हुन्छ । यसको अलावा कलेजोले बोसोमा घुलनशील भिटामीन ए, के, डी, ई तथा बी १२ पनि सञ्चय गरेर राख्छ । गिन्तीको हिसाबले कलेजोले ५०० टास्क पूरा गर्छ । सजिलै याद गर्नको लागि लिभरमा अङ्ग्रेजीको ५ अक्षर हुन्छ र प्रत्येक अक्षरको लागि १०० काम याद गरियो भने ५०० काम याद रहन्छ ।

कलेजो यस्तो अङ्ग हो जुन ९० प्रतिशत खराब भइसकेको अवस्थामा पनि केवल १० प्रतिशत कलेजो ट्रान्सप्लान्ट गरियो भने दुई महीनामा सम्पूर्ण कलेजो बनेर यथावत् हुन्छ । २०१८ मा अमेरिकामा ८२०० सफल लिभर ट्रान्सप्लान्ट भएको थियो । कलेजो खराब हुनुमा सेतो चिनी र अल्कोहल मुख्य हो । अल्कोहलले कलेजोमा सिरोसिस पैदा भएर कलेजो कामलायक रहँदैन । मस्तिष्कबारे पनि भनिन्छ–Healthy Lever healthy Brain । कलेजो खराब छ भने तपाईंको मस्तिष्क पनि खराब हुन्छ । त्यसैले भनिन्छ : Look after your Lever and your Lever will look after you. अस्तु !

### छठको ...........

सम्बन्धित अनेक लोककथा प्रचलनमा छन् । यदि घाटमैं बसेको छ भने कोसियापूजा घाटमैं गरिन्छ । आजभोलि छठघाटमा विभिन्न मनोरञ्जनात्मक धार्मिक प्रस्तुति गरिन थालिएका छन्, कलाकारहरू बोलाएर जागरण कार्यक्रम गर्न थालिएको छ ।

पाँचौं दिन सप्तमीको दिन हो । यस दिन छठ पर्वको समापन गरिन्छ । बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर छठ पर्वको समापन हुन्छ । यस दिनलाई पारन भनिन्छ । उदाउँदो सूर्यलाई अर्घ दिएपछि पुनः श्रीसप्ता भएको ठाउँमा व्रतालुहरू आउँछन् । श्रीसप्तालाई जलार्पण गरिन्छ । श्रीसप्तालाई जलाभिषेक गरेपछि छठपर्व समापन हुन्छ । अनि व्रतालुहरू एकले अर्कोलाई आशीर्वाद दिने क्रम शुरू हुन्छ । समापन शृङ्गार हुन्छ व्रतालु महिलाको । अनि प्रसाद साटासाट हुन्छ ।

हरेकको घरमा छठ हुन्छ भन्ने छैन । यो भाकल गरेपछि गरिने पर्व हो तर शायदै कुनै घर होला जहाँ छठ पर्व हुँदैन ।

छठ पर्व मान्न मानिस जहाँ भए पनि घर आइपुग्छ । अब त विदेश जाने चलन बढेको छ । विदेशमा हुनेहरू घर आउन भ्याउँदैनन् तर सम्भव भएसम्म छुट्टी मिलाएर भए पनि छठका दिन घरपरिवारसितै बिताउन चाहन्छन् । छठ पबनीको घाटमा व्रतालुहरू त पुग्छन् नै, सम्पूर्ण समाज पुग्छ । गाउँका सबै मानिस दर्शन र पूजा गर्न पुगेका हुन्छन् । एक दृष्टिकोणले छठघाट सामाजिक सम्मिलनको महापर्व पनि हो ।

छठको पारन भएसँगै व्रतालुहरूले छठकै प्रसाद खाएर अन्न ग्रहण गर्दछन् । व्रतालुले भोजन गरेपछि आफन्तकहाँ छठको कोसेली पुऱ्याउने चलन छ । मूलतः छोरी र दिदी–बहिनीलाई छठको प्रसादको आशा हुन्छ । छठ पबनी गर्ने हरेक घरबाट छोरी–बहिनीलाई छठको कोसेली पुऱ्याइने गरिन्छ ।

जसले जेसुकै भने पनि यो शास्त्रीय पर्व होइन । यसमा व्रतालुहरू नै सबैथोक हुन् । भैपरि आउँदा व्रतालुहरूको सामूहिक निर्णय नै लागू हुन्छ । शास्त्रीय पर्वमा पूजाको निर्धारित विधिविधान हुन्छ तर छठ पर्वको विधिविधान लोकसम्मत हो । यस कारण यसको विस्तारसँगै स्थानीयता अङ्गीकार हुँदै गएको छ । यसको मान्यतामा पनि फरक पर्दै गएको हुनुपर्छ । यसैले पनि यो लोक आस्थाको महापर्व हो ।

अझै पनि पबनी (पर्व) भनेपछि छठ नै बुझ्ने समाज छ ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | प्रगति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडाश्रम |
| सिंह | ज्ञानोदय | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | धनलाभ |
| धनु | अन्नलाभ | मकर | बेचैनी |
| कुम्भ | धनलाभ | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# जनता छठमा, उम्मेदवारहरू घरदैलोमा व्यस्त

प्रस, पोखरिया, ११ कात्तिक/

पर्सा क्षेत्र नं. ४ मा लोकतान्त्रिक वाम गठबन्धनका उम्मेदवारहरूलाई जिताउने शुक्रवार संयुक्त युवा विद्यार्थी भेला सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

धोबिनी गाउँपालिका–४ लङ्डीमा नेपाली काङ्ग्रेस क्षेत्रीय कार्य समितिले लोकतान्त्रिक वाम गठबन्धनको संयुक्त विद्यार्थी भेला आयोजना गरेको हो । भेलामा सहभागी ५ दलका युवा विद्यार्थी नेताहरूले प्रतिनिधिसभाका उम्मेदवार नेकाका रमेश रिजाल र प्रदेशसभाका उम्मेदवार नेकाका शङ्कर चौधरी र माओवादी केन्द्रकी शेख चाँदतारालाई जिताउन आग्रह गरे । विद्यार्थी नेताहरूले मतदाताको घरघरमा गएर सत्तारूढ गठबन्धनका उम्मेदवारलाई जिताउन भूमिका खेल्न आग्रह गरे ।





नेका क्षेत्रीय सभापति एवं जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्तप्रसाद यादवको अध्यक्षतामा भएको भेलामा प्रतिनिधिसभाका उम्मेदवार रिजाल, प्रदेशसभाका उम्मेदवार चौधरी, शेख चाँदतारा र नेताहरू वृहस्पतिकृष्ण श्रेष्ठ, वशिष्ठनारायण कुर्मी, सलाउद्दीन अहमद, रामबाबू बैठा, रमेश पाण्डे, नवीन सिंह, किशोरीसाह कानूलगायतको सहभागिता थियो । भेलापछि युवा नेतृत्वमा घरदैलो पनि गरिएको थियो ।

**प्रस, वीरगंज/**

पर्सा क्षेत्र नं. १ (क) बाट स्वतन्त्र उम्मेदवार सुधीर पटेलले शुक्रवार पनि घरदैलो कार्यक्रमलाई निरन्तरता दिएका छन् । आज उनले महानगरको वडा नं. १८ सुखचैनामा घरदैलो गरेका हुन् । सो अवसरमा उनले मतदाताहरूलाई घरघरमा पुगेर स्वतन्त्र उम्मेदवार बनेका आफूलाई रिक्शा छापमा मत दिएर विजयी गराउन आग्रह गरेका थिए ।

पर्सा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार प्रदीप यादवले घरदैलो कार्यक्रम गरेका छन् ।



यसैगरी जसपा र एमाले गठबन्धनबाट पर्सा क्षेत्र नम्बर ३ (ख) मा प्रदेशसभा सदस्यकी उम्मेदवार डा. मधु गुप्ताले पनि घरदैलो कार्यक्रमलाई निरन्तरता दिएकी छन् ।

**प्रस, पचगावाँ/**

पर्सा जिल्लाको क्षेत्र नम्बर ३ (क) मा प्रदेशसभा सदस्यमा स्वतन्त्रका उम्मेदवार चन्द्रकिशोर चौधरी लाल्टेन छाप चुनाव चिह्न लिएर घरदैलो कार्यक्रम गरेका छन् ।

सखुवा परसौनी गाउँपालिका–१ सिरही टोलमा मतदाताहरूसँग भेटघाट तथा छलफल कार्यक्रममा बोल्दै उनले शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र भौतिक पूर्वाधारको विकास गर्ने आफ्नो एजेन्डा रहेको बताए । कार्यक्रममा शिवनाथ चौधरी, नागेन्द्र चौधरी, जुगुल राउत, नरेश महतोलगायतको सहभागिता थियो ।

प्रस, पर्सागढी/

वीरगंज महानगरपालिका– ३१ मा पर्सा क्षेत्र नं. १ (क) प्रदेशसभा सदस्य पदका उम्मेदवार माओवादी केन्द्रका रहबर अन्सारीले आज घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् ।

घरदैलो कार्यक्रममा यस क्षेत्रको विकासको लागि आफू नै उपयुक्त भएको बताए । कार्यक्रममा वार्डका स्थानीय अगुवा जुनेद अंसारी तथा समाजसेवी हरूको सहभागिता थियो ।

# खेलकूदको संसार

## ब्रह्मज्योति गोल्डकपः अगम युवा क्लब र चौतारी युवा क्लब बिजयी

चिरञ्जीवी सापकोटा, ठोरी, ११ कात्तिक/

नेपालीहरूको दोस्रो ठूलो चाड दिपावली र छठपर्वको अवसरमा ब्रह्मज्योति युवा क्लबको आयोजनामा जारी ब्रह्मज्योति


तस्वीरः प्रतीक

गोल्ड कप नकाउट फूटबल खेलको पहिलो चरणको अन्तिम दिनको खेलमा अगम युवा क्लब ठोरी–३ शिकारीबास र चौतारी युवा क्लब गडुवालाइन ठोरी–५ सुवर्णपुर विजयी भएका छन् । आजको पहिलो खेलमा श्री वनशक्ति युवा क्लब सितपुरलाई २–० गोलान्तरले पराजित गर्दै अगम युवा क्लब शिकारीबासले अगाडिको यात्रा तय गरेको छ । शिकारीबासको जितका लागि जर्सी नम्बर ७ का सृजन चौधरी र जर्सी नम्बर १४ का कृपा चौधरीले समान एकएक गोल गरेका थिए । आजको पहिलो खेलको म्यान अफ दी म्याच शिकारीबासका जर्सी नम्बर ७ का सृजन चौधरी घोषित भएको आयोजक क्लबका अध्यक्ष पन्नालाल बिष्टले जानकारी दिए ।

आजै भएको दोस्रो खेलमा चौतारी युवा क्लब गडुवालाइनले बुद्धनगरलाई २–० गोलान्तरले पराजित गर्दै अगाडिको यात्रा तय गरेको छ । चौतारीको जितको लागि जर्सी नम्बर ११ का अजित थापा र जर्सी नम्बर ३ का एलिस क्षत्रीले समान एकएक गोल गरेका थिए । आजको दोस्रो खेलको म्यान अफ दी म्याच चौतारीका जर्सी नम्बर १३ का राधे चौधरी घोषित भएको पनि अध्यक्ष बिष्टले जानकारी दिए ।

भोलिदेखि दोस्रो चरणको खेल शुरू हुनेछ । भोलिको पहिलो खेल निर्मल समाज क्लब ठोरी–१ र श्री न्यु पञ्चम युवा क्लब पटेर्वा सुगौलीबीच हुनेछ भने दोस्रो खेल श्रीस्टार युवा क्लब ठोरी–१ र सुवर्ण युवा क्लब ठोरी–५ बीच हुने पनि अध्यक्ष बिष्टले जानकारी दिए ।

२० वटा टिमको सहभागिता रहेको यस खेलको फाइनल खेल कात्तिक १८ गते हुनेछ । खेलमा विजेतालाई नगद रु १ लाख ५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने छ भने उपविजेतालाई नगद रु ५३ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गदिने छ । खेलको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार एक सय प्रदान गरिने छ भने खेलभरि सबैभन्दा बढी गोल गर्ने खेलाडीलाई चाँदीको जुत्ता प्रदान गरिने अध्यक्ष बिष्टले जानकारी दिए ।

# छठ व्रतालुहरूलाई पूजन सामग्री वितरण

प्रस, वीरगंज, ११ कात्तिक/

वीरगंज कारागारका महिला कैदीबन्दी र विभिन्न स्थानमा छठपूजा गर्नेहरूलाई रूँगटा वेलफेयर सोसाइटीले सहयोग गरेको छ ।


तस्वीरः सौजन्य

सामुदायिक प्रहरी साझेदार कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको सहकार्यमा रूँगटा वेलफेयरले वीरगंज कारागारमा कैदीबन्दी जीवन बिताइरहेका छठ गर्ने ८० जना महिलाहरूलाई साडीसहित छठपूजाका लागि आवश्यक सामग्री उपलब्ध गराएको छ ।

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, रूँगटा वेलफेयरका सुरेश रूँगटा, ग्रीन सिटीका प्रकाश खेतान, वीरगंज युवा समाजका कमल चौगाईलगायतले कारागारका महिला कैदीबन्दीहरूलाई सो सामग्री उपलब्ध गराएका हुन् ।

यसैगरी रूँगटा वेलफेयरले छठ गर्ने २२० जना महिलालाई अन्य स्थानमा साडी वितरण गरेको सोसाइटीका अध्यक्ष सुरेश रूँगटाले बताए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# २० किलो गाँजासहित पाँचजना पक्राउ

प्रस, वीरगंज, ११ कात्तिक/

२० किलो गाँजासहित पाँचजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

कलैया उपमहानगरपालिका–५ घुसुकपुर निवासी सुनीतादेवी साहले सञ्चालन गरेको चिया पसलमा लागू औषध गाँजा खरीद–बिक्री हुने गरेको सूचनाको आधारमा प्रहरीले कात्तिक ९ गते दिउँसो छापामारी गर्दा २० किलो गाँजा बरामद भएको बाराका प्रहरी निरीक्षक रामकाजी थापाले बताए ।

प्लास्टिकको बोरामा पसलभित्र लुकाइएको अवस्थामा गाँजा बरामद भएको र पाँचजनालाई नियन्त्रणमा लिएको उनले बताए ।

पक्राउ पर्नेमा महागढीमाई नगरपालिका–१ सेमरा तेगछिया निवासी हाल कलैया उपमनपा–१ मा डेरा गरी बस्ने प्रतिमादेवी पटेल, करैयामाई गापा–१ हरैया निवासी सफी अन्सारी, पचरौता नगरपालिका–३ बस्ने उपेन्द्र पटेल, सौखीलालप्रसाद यादव र भारतीय नागरिक सेराज आलम रहेको उनले जानकारी गराएका छन् । पक्राउ परेकाहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको उनले बताए ।


तस्वीर सौजन्यः जिप्रका, बारा

## पर्सा क्षेत्र नं. ३........

जसपाका अब्दुल रहिम (मन्जुर) अन्सारी निर्वाचित भएका थिए । यसपटक उनी उम्मेदवार भएका छन् तर एमालेबाट । यसैगरी जसपाबाट टिकट नपाएपछि शिवकुमार तेली नेपाल सुशासन पार्टीबाट चुनावी मैदानमा छन् ।

क्षेत्र नं. ३ (ख)मा सत्तारूढ गठबन्धनबाट जनार्दनसिंह क्षत्री, एमाले–जसपा गठबन्धनबाट मधु गुप्ता, नेपाल सुशासन पार्टीबाट गौरीशङ्कर साह, नेकपा एकीकृत समाजवादी पार्टीबाट प्रह्लाद गिरी चुनावी मैदानमा छन् । यस अघि गिरी जसपाबाट निर्वाचित भएका थिए । यो चुनावमा उनी नेकपा (एस)बाट उम्मेदवार भएका छन् ।

एमाले प्रवेश गरेका गिरीले पार्टीबाट टिकट नपाएपछि चुनावको मुखमा उम्मेदवारी दिने बेला नेकपा (एस)मा प्रवेश गरेका हुन् । सत्तारूढ पाँच दलीय गठबन्धनमा नेका, नेकपा (एस) पनि छ । दुवैबाट उम्मेदवारी परेपछि यो क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा हुने भनेर दुवैले आआफ्नो पक्षमा मत माग्दैछन् । यो क्षेत्रबाट नेका सभापतिसमेत रहेका जनार्दनसिंह क्षत्री उम्मेदवार छन् । अघिल्लो चुनावमा उनी ९७ मतले गिरीसँग पराजित भएका थिए ।

जसपाबाटै टिकट नपाएपछि गौरीशङ्कर साह नेपाल सुशासन पार्टीबाट चुनाव लडिरहेका छन् । यसैगरी, यो क्षेत्रबाट जसपा–एमाले गठबन्धनबाट जसपाकी मधु गुप्ता चुनावी मैदानमा छिन् । गुप्ता यो क्षेत्रका प्रतिनिधिसभामा विजयी हरिनारायण रौनियारकी छोरी हुन् । पिताले टिकट नपाएपछि उनी चुनावी मैदानमा ओर्लिएकी हुन् ।

## डेङ्गुबाट बच्ने उपायहरूः

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेङ्गु लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानी ट्याङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड